वर्ष : १७, अंक : २४, काठमाडौं, २०७८ असोज ८ गते शुक्रबार, 24 September 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस्।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस्।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## 'गोली ठोकेर जारी गरिएको संविधान स्वीकार्य छैन'

वीरगञ्ज। लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले अधिकारका लागि सडकमा निस्किएका मधेशी जनतालाई गोली हानेर बनाइएको संविधान स्वीकार्य नरहेको बताएका छन्। पर्साको पकाहामैनपुरमा आयोजित शहिद सत्रुधन पटेलको श्रद्धान्जली सभालाई सम्बोधन गर्दै ठाकुरले मधेशीको रगतले लेखिएको संविधानमै मधेशीकै अधिकार नसमेटिएको टिप्पणी गरे। मधेश आन्दोलनका क्रममा घाइते भएका आन्दोलनकारीलाई त्यसबेला सरकारी अस्पतालले समयमै उपचार नगरेको उनले गुनासो छ। मधेश आन्दोलन चलिरहेका बेला घाइते भएका आन्दोलनकारीलाई अस्पताल पुऱ्याउँदा सरकारी अस्पतालले बिना शुल्क उपचार नगरेको उनको भनाइ छ। माओवादी युद्धका क्रममा हजारौं व्यक्ति मारिए पनि उनीहरूका कोही पनि कार्यकर्ता जेलमा नभएको बताउँदै मधेश आन्दोलनका नेता-कार्यकर्तालाई किन जेलमा राखेको भनी ठाकुरले प्रश्न गरे। मधेश आन्दोलनमा सामेल भएका सांसद रेशम चौधरीलाई सरकारले अहिले पनि जेलमा राखेको भन्दै जेलमुक्त गर्न उनले माग गरे। ठाकुरले भने, 'जबसम्म मधेशका माग समेटिँदैनन् तबसम्म मधेशीले यो संविधानको अपनत्व लिन सक्दैनन्, असोज ३ गतेलाई कालो दिनकै रुपमा मनाइन्छ।' संविधान जारी हुनुपूर्व आफ्ना माग राखेर शान्तिपूर्ण आन्दोलनमा उत्रिएका मधेशीलाई खस शासकले बदलाको भाव राखेर गोली चलाइ हत्या गरेको आरोप उनले लगाए।

# मधेशीविहीन मन्त्रिपरिषद्

## आफूलाई मधेशको प्रतिनिधि दाबी गर्ने विमलेन्द्र निधिको मौनता रहस्मय



शेरबहादुर देउवा
प्रधानमन्त्री

बालकृष्ण खाण
गृहमन्त्री

ज्ञानेन्द्र बहादुर कार्की
कानूनमन्त्री

पम्फा भुसाल
ऊर्जामन्त्री

जनार्दन शर्मा
अर्थमन्त्री

उमेश श्रेष्ठ
स्वास्थ्य राज्यमन्त्री

**मधेशवाणी डेस्क**

काठमाडौं। नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री भएको दुई महिना भयो तर अहिलेसम्म उनले सरकारलाई पूर्ण दिन सकेका छैनन्। सरकार अहिलेसम्म अपुरो रहँदा राजनीति तहमा वृतमा आलोचना भइरहँदा देउवा सरकारको असफलताको चर्चा हुन थालेको छ।

प्रधानमन्त्रीमा नियुक्त हुँदा देउवाले चार मन्त्रीसहित देश चलाउँदै आइरहेका छन् भने बुधबार कांग्रेस नेता डा. नारायण खडकालाई परराष्ट्रमन्त्री बनाएका छन्। तर अहिले पनि १६ मन्त्रालय रिक्त छ। परराष्ट्रमन्त्रीको नेतृत्वमा नेपाली टोली राष्ट्रसंघीय महासभामा पठाउने भएपछि हतारमा खडकालाई मन्त्रीमा नियुक्त गरिएको हो।

मन्त्रिपरिषद्मा प्रधानमन्त्री देउवा बाहेक कांग्रेसबाट खडकासहित बालकृष्ण खाँड र ज्ञानेन्द्रबहादुर मल्ल तथा नेकपा माओवादी केन्द्रबाट पम्फा भुसाल र जनार्दन शर्मा मन्त्री छन्। यस्तै कांग्रेसबाट स्वास्थ्य राज्यमन्त्रीमा उमेश श्रेष्ठ छन्। तर अहिले रहेको सात सदस्यीय मन्त्रिपरिषद्मा एक जना पनि मधेशी छैनन्।

नेपाली कांग्रेसले आफनो आधार मधेशलाई मान्दै आएको छ तर जब जब मधेशले अवसर पाउने समय आउँछ त्यतिखेर मधेशलाई नजरअन्दाज गरिएको पाइन्छ।

देउवाले पहिलो पटक मन्त्रिपरिषद् गठन

बाँकी अन्तिम पृष्ठमा

## अध्यादेश खारेज नभई मन्त्री पठाउँदैनौ : यादव



काठमाडौं। जसपाका अध्यक्ष उपेन्द्र यादवले राजनीतिक दलसम्बन्धी अध्यादेश खारेज नभएसम्म सरकारमा नजाने बताएका छन्। अध्यादेश खारेजपछि मात्र जसपाले मन्त्रीको नाम पठाउने यादवले बताए।

'राजनीतिक दलसम्बन्धी अध्यादेश खारेज गर्नुको विकल्प छैन। त्यो खारेज नगरी हामीले मन्त्री पठाउने कुरा हुँदैन,' उनले भने।

मन्त्रिपरिषद् विस्तारका सन्दर्भमा सत्तारुढ दल नेपाली काँग्रेस, माओवादी केन्द्र र नेकपा एकीकृतले आफ्नो पार्टीको बैठक गर्दै छन्। तर जसपाले भने अध्यादेश खारेज नभई मन्त्रीको नाम नपठाउने अध्यक्ष यादवको भनाइ छ।

यो अध्यादेश खारेज नगरे बहुदलीय व्यवस्थालाई नै धरापमा पर्ने चेतावनी दिदै उनले भने, 'यसलाई आजै खारेज गर्ने कि भोलि प्रधानमन्त्रीले भन्नुहोला। यो खारेज हुनुपर्छ।' केन्द्रीय समिति र संसदीय दल मध्ये एकमा २० प्रतिशत भए दल फुटाउन पाउने प्रावधान कायमै राखेर सरकारमा जाँदा जसपा विभाजन हुने यादवको चिन्ता छ।

## संसदीय दलको नेतामा सोनलकै सम्भावना

**काठमाडौं।** प्रदेश २ मा लोसपा संसदीय दलको नेतामा कार्यकारीणी सदस्य जितेन्द्र सोनलको सम्भावना रहेको छ। जसपाबाट विभाजित भएर गठन भएको लोसपाको संसदीय दलको बैठक आइतबार जनकपुरधाममा बोलाइएको छ। बैठकले संसदीय दलको नेता चयन गर्नेछ। लोसपाका अध्यक्ष महन्थ ठाकुरको उपस्थितिमा हुनेछ। तत्कालीन राष्ट्रिय जनता पार्टी नेपाल प्रदेश २ को सरकारमा सहभागी हुँदा संसदीय दलको नेतामा जितेन्द्र सोनललाई अघि सारिए पनि दलको नेता थिए। तर सोनलकै नेतृत्वमा प्रदेश सरकारमा सहभागी भएको थियो। अहिले जसपाबाट लोसपा गठन भएपछि संसदीय दलका नेतामा सोनललाई नै चयन गरिने जनाइएको छ।

## परराष्ट्रमन्त्री खड्कालाई बधाई

काठमाडौं। नवनियुक्त परराष्ट्रमन्त्री डा. नारायण खड्कालाई भारतका विदेशमन्त्री एस जयशंकरले बधाई दिएका छन्। भारतीय विदेशमन्त्री जयशंकरले डा. खड्कालाई सामाजिक सन्जालमार्फत् बधाई दिएका हुन्। भारतका विदेशमन्त्रीले खड्कासँग सहकार्य गर्न आफू प्रतीक्षारत रहेको उल्लेख गरेका छन्। मन्त्री नियुक्त भए लगत्तै खड्का संयुक्त राष्ट्रसंघको ७६ औं महासभामा भाग लिन न्यूयोर्क प्रस्थान गरेका छन्। न्युयोर्कमा उनले भारतीय विदेशमन्त्री जयशंकरसँग भेटवार्ता गर्नेछन्। संयुक्त राष्ट्रसंघको महासभाको क्रममा सार्क परराष्ट्रमन्त्रीस्तरीय साइडलाइन बैठक हुने गर्दथ्यो।

## मृत्यलोकबाट कांग्रेसी मित्रहरूमा

नेपाली राष्ट्रिय काँग्रेसको कुरा न गरौं। बि.स.२००७ पछि मातृका प्रसाद कोईरालाको सभापतित्व काललाई अपवाद मान्ने हो भने नेपाली काँग्रेसमा सभापति पदको हस्तान्तरणको प्रकृया उदाहरणीय रहेको छ।

नेपाली काँग्रेसका चार चाणक्य कहलिएका बीपी कोईराला, सूवर्ण शम्सेर जबरा, गणेशमान सिंह र सूर्य प्रसाद उपाध्याय मध्ये सभापति पदका लागि एकाध पटक बाहेक कहिल्यै एकापसका बिरूद्ध दाबी र हानथाप रहेन। कयौं बिषयमा यी चारका बीच गंभीर मतभिन्नताहरू रहेको थियो। तर, सभापतित्व बिवाद रहित रहेको थियो। एकर्कालाई पराजयको तहसम्म पुर्याउने खेल भएन।

नेका सभापतिको रूपमा बीपी कोईराला २०१७ पौष १ गते पछि जेल पर्नु भएपछि प्रवासमा रहनु भएका सूवर्ण शम्सेर अनेकौं शक्ति केन्द्रहरूको उक्साहटका बावजूद सभापति पदको दाबी गर्नु भएन। उहाँ झण्डै दुई बर्षसम्म बीपी, गणेशमान जीहरूको रिहाईको प्रयास गर्नु भयो। रिहाईको आशा नदेखिएपछि २०१८ सालमा भारतको पटनामा बोलाईएको सम्मेलन पछि राजा महेन्द्रको तानाशाहीको बिरूद्ध शसस्त्र प्रतिरोध संचालन गर्नका लागि सूवर्ण जीलाई कार्यवाहक सभापति बनाईएको थियो। तेस बखत, यस बाहेक कुनै बिकल्प नरहेको अवस्था थियो।

लामो समय पश्चात, बीपी कोईराला अमेरिकामा उपचार गराएर सन् १९७७ नोभेम्बरमा स्वदेश फर्किने क्रममा कलकत्तामा सूवर्ण जीलाई भेटन जानु भएको थियो। अतिशय रूग्ण सूवर्ण शम्सेर बीपीको हात समाएर "तपाईको नासो नेपाली काँग्रेसको यो कार्यवाहक सभापतिको पद तपाईलाई फिर्ता बुझाउँदछु" भन्दै सभापतित्व हस्तान्तरण गर्नु भयो। कलकत्ताबाट फर्किएर बीपी पटनाको "आर ब्लक" स्थित "एमएलए क्लब"मा आयोजित सभामा यो जानकारी गराउनु हुदाँ म स्वयं पनि साक्षी रहेको हुँ। शायद यसको भोली वा पर्सी कै दिन सूवर्ण शम्सेर जीको देहावसान भएको थियो। वा, एकाध सप्ताह भित्र। नेतृत्व हस्तान्तरणको यो एक अनुपम



जयप्रकाश गुप्ता

उदाहरण थियो।

पटनाको तेस सभामा किसुन जी पनि हुनुहुन्थो। यसको साता नबित्दै बीपी पटनाबाट नेपाल फर्किनु भयो। राजा बीरेन्द्रसंग उहाँले तेस्तै बचनवद्धता गर्नु भएको थियो। नेपाल फर्किनु अघि पटनाको सोही "एमएलए क्लब" को सभामा आफु नेपाल फर्किएपछि अवश्य पनि पक्राउ परिने भन्नु हुदै "आफु जेल परेपछि साथीहरू हाम्रा प्रिय साथी किसुन जी(कृष्ण प्रसाद भट्टराई)बाट निर्देशन पाई रहनु हुनेछ भन्नु भयो। यति मात्र भन्नु भयो। पटनाबाट काठमाण्डौं फर्किन लाग्दा शानेवानीको बिमानमा उहाँले "योजनावद्ध" रूपमा सहयात्री बनाउनु भएको एक सहयोगी, जस्को नेपाल फर्के पछि गिरफ्तार हुने संभावना थिएन; उहाँलाई काठमांडूमा सार्वजनिक गर्ने गरी एक खामबन्दी पत्र दिनु भयो। यो पत्र सार्वजनिक गरिएपछि सबैले थाहा पाए बीपीले किसुन जीलाई नेपाली काँग्रेसको कार्यवाहक सभापति र परशु नारायण चौधरी एवं गिरिजा प्रसाद कोईरालालाई महामन्त्री तोक्नु भएको हो। यहाँ मैले यदि यो सत्य उल्लेख गरिन भने इतिहास प्रतिको बेईमानी हुनेछ कि बीपीले यो निर्णय शायद शाब्दीक रूपमा नै सत्य "महान उदारमना निस्पृह मानव गणेशमान जी" को

बाँकी अन्तिम पृष्ठमा



## सम्पादकीय

# संविधानप्रति असन्तुष्टि कहिलेसम्म बोक्ने ?

२०७२ सालमा असाध्य कठिन घडीमा संविधान जारी भएको थियो । संविधान जारी हुँदा कतै दीपावली भयो भने कतै यसको विरोध गरियो । संविधानको विरोधमा मधेशमा चरम असन्तुष्टि थियो । मधेशभर यसको विराधमा आन्दोलन भइरह्यो ।

यो कुरा प्रष्ट हो कि, यो संविधान विषयवस्तुमा सहमति भएका कारणले जारी भएको होइन, बरु शक्ति बाँडफाँटमा सहमति भएका कारणले जारी भएको हो। पहिलो संविधान सभामा शक्ति बाँडफाँटमा कुरा मिलेन र संविधान जारी भएन। यो पृष्ठभूमिलाई अनदेखा गरेर संविधानको कार्यान्वयनको चर्चा, विश्लेषण वा समीक्षा गर्नु अधुरो हुन्छ भन्ने कुरा राम्ररी बुझ्न आवश्यक छ।

दुनियाँलाई थाहा छ कि, संविधान जारी गर्ने बेलामा संविधान सभामा सहमति कायम हुनसकेको थिएन। संविधान सभा बाहिर कर्फ्यु लगाइएको थियो भने भित्र मार्शल परिचालन गरेर संविधान जारी भएको थियो। तत्कालीन परिवेशलाई ध्यानमा राखेर नै संविधान जारी गर्ने दलहरूले यो संविधान

दुनियाँलाई थाहा छ कि, संविधान जारी गर्ने बेलामा संविधान सभामा सहमति कायम हुनसकेको थिएन। संविधान सभा बाहिर कर्फ्यु लगाइएको थियो भने भित्र मार्शल परिचालन गरेर संविधान जारी भएको थियो।

अपूर्ण छ, यसमा महिला, दलित, मधेशी र अल्पसङ्ख्यक समुदायलगायतका मागलाई पर्याप्त सम्बोधन गर्न सकिएको छैन, उक्त रिक्ततालाई संशोधनका माध्यमबाट पूरा गर्ने प्रतिबद्धता गर्दै सोही सर्तका आधारमा संविधान जारी गरौँ भन्ने शीर्ष नेताहरूबाटै संविधान सभामा सम्बोधन भएको थियो। यसका अतिरिक्त पनि संविधान जारी गर्न चाहिने मत पर्याप्त भइकन पनि केही सदस्यको असहमतिका बीच संविधान जारी भएका कारण संविधानमा सबैको अपनत्व र स्वामित्व स्थापित हुन सकेन भन्ने कुरा त्यसपछिका संशोधन र संशोधनका प्रयत्नहरूले पनि पुष्टि गरेका छन् ।

उपर्युक्त वृत्तान्तका आधारमा यो भन्न सकिन्छ कि, संविधान जारी गर्ने काम अत्यन्त कठिन थियो। त्यसका अतिरिक्त पनि दलहरूका बीचमा सम्पूर्ण सहमतिको अभावमा पनि पर्याप्त सहमतिको आधारमा संविधान जारी भएको थियो। त्यतिबेलाका असन्तुष्टिका स्वरलाई कुनै न कुनै बेलामा सम्बोधन गर्नुको अर्को विकल्प छैन भन्ने मान्यतालाई शीर्ष भागमा राखेर अब संविधानको कार्यान्वयन गर्ने कुरामा आजसम्मका काम कारबाहीको समीक्षा र निकट भविष्यमा नगरी नहुने कामको सूची बनाउनु आजको आवश्यकता हो । यही आवश्यकतालाई अनुभव गर्दै संविधान कार्यान्वयनको कार्यसूचीमा पहिलो कुरा संविधानको स्वीकार्य बढाउने कुरालाई नै प्राथमिकतामा राख्नु पर्छ ।

यसो गर्दा संविधानले समावेशिताको मुद्दालाई पर्याप्त सम्बोधन गर्नेछ भने पहिचानका मुद्दालाई स्वीकार्नेछ। यसले दलहरूको प्रतिबद्धता पनि पूरा हुने, असन्तुष्ट आवाजको सम्बोधन हुने र सरोकारवालाहरूको मागको सम्बोधन हुनेजस्ता तीनथरी काम एकै पटक हुने अवसर प्राप्त हुनेछ ।

# गोलचक्करमा फँसेको राजनीति

**विचार - विश्लेषण** भाग-१०९



उपेन्द्र झा

अराजक राजनीतिकर्मीहरुले प्रयास जति गरे पनि गोलचक्करमा फँसाइएको राजनीति सरल तरिकाले सहज बन्न सक्दैन। यिनले गरेका गल्तीको परिणाम देशले भोग्नुपर्छ।

एमसीसी पास हुने सम्भावनालाई बुझेर चीनले एक खर्ब ६० अर्बको सहयोग नेपाललाई दिने वाचा गरेको छ । मागेर खाने भिखारी संस्कारमा हुर्केका राजनीतिकर्मीहरुको नैतिकता, स्वाभिमान बन्धकी रहेको अवस्थामा कुन सहयोग लिने, कुन नलिने विवेक मरेको हुन्छ । सहयोग गर्ने दातृ राष्ट्रहरुले कुन नियतबाट प्रेरित छन् भन्ने कुराको कुनै जानकारी नराख्ने यिनी रोबोट जस्तै संचालित हुन्छन् । एमसीसी परोपकारको भावनाबाट प्रेरित छ कि नेपालमा आफ्नो प्रभुत्वको अड्डा जमाउने प्रपञ्ची चाल ? यसबारे पनि अनभिज्ञ रहेको यो सरकार एमसीसीको विरोधमा उठेको जनआवाजलाई सम्बोधन गरी दिन अमेरिकालाई नै आग्रह गरेको छ ।

दक्षिण एशियामा चीनको बढ्दो शक्तिलाई रोक्न ल्याइएको इण्डो प्यासिफिक तथा त्यसैको विङ्गको रुपमा रहेको एमसीसी हो भन्ने कुरा अमेरिकी विदेश मन्त्रालयका अधिकारीहरुले सार्वजनिक गरिसकेको खण्डमा दलाल मानसिकताका उच्च पदस्थ कर्मचारी तथा राजनीतिकर्मीहरुले सफाईमा कुनै कुरा भन्नु अर्थहीन नै हुन्छ । नेपाल गरीब देश हो र यसलाई विकासोन्मुख राष्ट्रमा रुपान्तरण गर्न परोपकार भावको सहयोग हो भने त्यसमा यस्ता खतरनाक शर्तहरु हुँदैन । अपरिवर्तनीय एमसीसीका शर्तहरु निश्चय पनि शक्तिकेन्द्रको बदनियतीलाई दर्शाउँछ ।

केपी ओली नेतृत्वको दुई तिहाइको कम्युनिष्ट सरकारको पालमा एमसीसी पास गराउन पटक-पटक म्याद थपिँदै पनि एमसीसी पास भएन । फलतः दुई तिहाइको ओली सरकारको पतन मात्र भएन नेकपा (एमाले) तीन चिरा भयो । जसपा पनि दुई टुक्रामा बाँडियो । एमसीसी पास गर्न बडो चमत्कारी ढंगले सरकार परिवर्तन भयो । विडम्बना के रह्यो भने चमत्कारी ढंगले घटेका यी घटनाहरुका कारण पात्र एक अर्कालाई देखाइयो । प्रचण्ड, नेपाल भर्सेस केपी ओली उपेन्द्र यादव भर्सेस महन्थ ठाकुरको पारस्परिक बैमनस्यता दिनानुदिन स्तरहीन बन्दै जानु नेताहरुमा राजनीतिक ज्ञान कति छ त्यसै स्पष्ट हुन्छ । स्थिर राजनीतिलाई तरलीकृत बनाउने चमत्कारी प्रयासलाई नबुझ्नेहरु कसरी देश हाँक्ने ?

चार वर्षदेखि एमसीसीले नेपालमा कार्यालय खोली अर्बौं कुम्ल्याएका नेपाली कर्मचारी, नेपाल सरकार एमसीसी पास नहुने अवस्थामा के गर्ने ? अमेरिकी सहयोगको तीन गुणा बढी चीनले सहयोग गर्ने अवस्थामा भिखारी मानसिकता परिवर्तन हुने सम्भावना पनि बढी छ ।

नेकपा (एकीकृत समाजवादी), नेकपा (माओवादी केन्द्र), जसपा, लोसपाको समर्थनमा बनेको शेरबहादुर देउवाको सरकार २.५ महिना बित्दा पनि मन्त्रिमण्डल विस्तार गर्न सकिरहेको छैन । मन्त्रिमण्डलले पूर्णता नपाएको अवस्थामा देशमा अराजकताको स्थिति बढ्ने सम्भावना छ । संसदमा नेकपा (एमाले) को रोष्टम घेर्ने निरन्तर कार्यक्रमले सरकारलाई असफल गराउने नियत स्पष्ट छ । केपी शर्मा ओली आफूलाई एमसीसीको पक्षमा देखाए पनि नेकपा एमाले एमसीसीको विपक्षमा नै देखिएको छ । यही हाल नेकपा माओवादीको छ । जसपाका अध्यक्ष पूर्णतया चीनको प्रभावमा रहेको तथा संघीय परिषद् अध्यक्ष डा.बाबुराम भट्टराई एमसीसीको वकालत गरिरहेकोले अन्ततः जसपा एमसीसीको विरोधमै जाने सम्भावना छ ।

एमसीसीको विरोध जन धरातलमा पुगिसकेकोले सरकार चाहेर पनि संसदमा टेबुल गर्न सक्दैन । एक अर्कालाई समाप्त पार्ने विध्वंशक बुद्धि राख्ने राजनीतिकर्मीहरु निर्माण भन्दा विध्वंशमा बढी विश्वास राख्दछ । केपी शर्मा ओलीको पतनमा किन हटे त्यसको समीक्षा गर्नुपर्नेमा किन हटायो भन्ने रीशले ओलीलाई प्रतिक्रियात्मक अवस्थामा ल्याएको छ । शेरबहादुरको पतनमा नै आफ्नो उदय देख्ने केपी ओली विस्तारै शेरबहादुर देउवालाई संघर्ष र वार्ताको भुलभुलैयामा जाँकेको छ ।

विपक्षबाट संसद घेरेर असहयोगको अवस्था त छँदैछ, आफ्ना गठबन्धनबाट पनि सहयोग हुने आश देखिँदैन । नेपाली कांग्रेस पार्टीमा पनि शेरबहादुर देउवा घेराबन्दीमा परेको छ । यसरी चारैतिरबाट असहयोग भए शेरबहादुर देउवाको सरकार टिक्न गाह्रो छ । केपी ओली देउवा सरकार पतन गराएर पुनश्चः देउवासँगै मिलेर सरकार बनाउन आन्तरिक मनसाय राखेको अनुमान गरिन्छ ।

वैदेशिक सहयोगमा बाँच्ने परजीवी राजनीतिकर्मीहरुले कहिल्यै पनि शासन विधि, प्रणालीमा रहेका दुष्प्रवृत्तिहरुलाई हटाएर इमान्दारी, आदर्श, निष्पक्षता, सेवाभाव, अनुशासन आदि गुणहरुलाई स्थापित गरेन । छल, प्रपञ्च, जाल, फरेब, धोकालाई राजनीतिक योग्यताको मापदण्ड बनायो । संघर्षबाट आउने शक्तिहरुलाई पनि सोही अनुसार रुपान्तरण गरे । अर्थात् इमान्दारीपूर्वक देश र जनताको हितको कामको विपरीत निजी स्वार्थ पूरा गर्न रमाए । जतिसुकै उत्कृष्ट संविधान लेखेपनि भ्रष्ट आचरणका राजनीतिकर्मीहरुको जमातले देशमा कुनै गुणात्मक परिवर्तन दिन सकदैन ।

दरिद्र मानसिकताका भ्रष्ट राजनीतिकर्मीहरुले अब राजनीतिक स्वरुप फेरेर तस्कर, माफिया बनेर सत्ता कब्जा गरेका छन् । सत्ता कब्जा गरेर मूल शासकको रुपमा सत्ता संचालन गर्ने तथा देशको ढुकुटीमाथि रजाइँ गरी संसारलाई देखाएर आत्मतुष्टि लिनेहरुले तीन दशक बिताएर पनि देश विकास गर्न नसकेको अवस्थामा यी शासकहरु टिक्ने कि नटिक्ने परिस्थितिले विस्तारै देखाउने नै छ ।

वैदेशिक सहयोग लिएर रमाउने कथित राजनेताहरुले नेपाललाई शक्ति केन्द्रहरुको "प्ले ग्राउण्ड" बनाएको छ । एमसीसी पास भएको छैन, त्यसको पूर्वाधार निर्माण कार्य धमाधम भइरहेको छ । व्यावहारिक रुपमा ४ वर्षदेखि एमसीसी आफूलाई नेपालमा स्थापित गरिसकेकोले अब सैद्धान्तिक सहमति दिनुपर्ने कुनै पनि सरकारको बाध्यता बनेको छ । शेरबहादुर देउवाको आगमन पनि एमसीसी पास गराउन गराइएको हो । शेरबहादुर देउवा सरकारमा रहेका गठबन्धनका दलहरु ओलीको मन नपर्ने दलहरु रहेकाले ओली यस दल-दलबाट शेरबहादुर देउवालाई बाहिर ल्याउन रणनीति लिएको छ । अढाई महिनादेखि सरकार संचालनमा व्यवधान रहेकोले देउवा पनि ओलीसँग नै सरकार बनाउनै सोचमा देखिनु स्वाभाविक हो ।

अराजक राजनीतिकर्मीहरुले प्रयास जति गरे पनि गोलचक्करमा फँसाइएको राजनीति सरल तरिकाले सहज बन्न सक्दैन । यिनले गरेका गल्तीको परिणाम देशले भोग्नुपर्छ ।

janukjha24@gmail.com

# के एक दिन मात्र दीप जलाउनका लागि संविधान बनेको हो ?



ई.कौशल गोपालवंशी

असोज ३ गते अर्थात् संविधान दिवस । लामो संघर्ष र ठूलो त्याग बलिदानपछि मुलुकले संघीय गणतान्त्रिक लोकतान्त्रिक संविधान २०७२ असोज ३ गते पायो । शताब्दीदेखिको ठूलो संघर्षपछि नेपालको सार्वभौमसत्ता नेपाली जनताको हातमा आयो । नेपालमा पहिलोपल्ट जनताले आफ्नो लागि आफैले संविधान बनाउने अवसर पायो ।

यो लोकतन्त्रको ठूलो विजय हो । योभन्दा ठूलो विजय लोकतान्त्रिक शासन प्रणालीमा हुनै सक्दैन । यति ठूलो सफलताले पक्कै पनि नागरिकलाई ठूलो लाभ हुनुपर्ने हो । किन योभन्दा ठूलो सफलता लोकतान्त्रिक शासन प्रणालीमा अहिलेसम्म भएको छैन । त्यसैले यो सफलताबाट अहिलेसम्मकै सबैभन्दा बढी लाभ जनतालाई हुनुपर्ने हो । यस्तो लाभ कि त्योभन्दा बढी लाभ जनताले लोकतान्त्रिक प्रणालीमा जनताले लिनै नसक्ने हुनुपर्छ । त्यसैले सार्वभौमसत्ता सम्पन्न जनता इतिहासकै सुखी जनता हुनुपर्छ ।

त्यसैले प्रत्येक जनताले असोज ३ गते संविधान दिवसको दिन मात्र होइन कि यो संविधान रहुन्जेलसम्म घरमा सधैं दिपावली मनाउनु पर्छ । तर जनताले आफै बनाएको संविधानको ६ वर्ष भइसक्यो तर जनताको घरमा समय बित्दै जाँदा बति निभ्दै गएको देखिन्छ । १० वर्षअघि जनताको आय वृद्धिदर अहिलेको तुलनामा बढी थियो ।

समय बित्दै जाँदा जनता झन् गरिबीको चपेटामा पर्दै गएको देखिन्छ । पहिलाभन्दा अहिले महँगी बढेको छ । जनता महँगीको चपेटामा परेर दिनप्रति दिन प्रत्येक व्यक्तिलाई बैंक तथा सहकारी संस्थाको ऋण बढ्दै गएको देखिन्छ । दिनप्रति दिन युवाहरु विदेशिँदै छन्, तर पनि हामी खराबी कहाँ छ भन्ने पत्ता लगाउन सकेका छैनौं ।

देशमा नयाँ संविधान लागू भएदेखि झन् भ्रष्टाचार बढेको छ । घर-घरमा सिंहदरबार पठाउने भनेको त घर-घरमा न्यायिक माध्यममा लुट्न पो पठाएको जस्तो छ । कुनै पनि कार्यालयमा जाँदा पहिला कोही चिनजानको छ कि नई भन्ने पत्ता लगाउँछन् । यदि छैन भने कार्यालयमा जाने आँट पनि गर्दैन सर्वसाधारण जनताले ।

गाउँको वडा कार्यालयमा पनि काम गराउँदा चिनेको मान्छे भने, सेवाग्राहीलाई अर्को ग्रहबाट आएको जस्तो व्यवहार गरेको देखिन्छ । त्यसैगरी संघ, प्रदेश र स्थानीयमा काम गर्ने कर्मचारीहरुका लागि अहिलेसम्म सरकारले संघीय निजामती ऐन पनि ल्याउन सकेका छैन । त्यसैगरी, धेरै कामहरू छन् जो संविधान लागू गर्नु पूर्व लागू हुनुपर्थ्यो तर भएन । जसको कारणले कर्मचारी, जनता र राजनेता सबै दल-दलमा फँसेको देखिन्छ ।

त्यसैगरी, संविधानमा भएका विभिन्न त्रुटिहरुलाई अवमूल्यन गरी देश र जनतालाई झन् घाटा हुने देखिन्छ । सुरुको वर्षमा पहाडमा दिपावली अनि तराईमा कालो दिनको रुपमा मनाइयो तर समय बित्दै जाँदा तराई, पहाड, हिमाल सबै ठाउँको जनताले संविधान दिवस दिन मात्र दिपावली मनाउँछन् भने बाँकीका दिन प्रायः जनताको घरमा अस्वास्थ्य, अशिक्षा, बेरोजगारी, भोकमरीको बादलले अँध्यारो छरेको देखिन्छ ।

त्यसैले, संविधानलाई संशोधित गरी सबैलाई सधैंका लागि उज्यालो छरियोस् । सबैलाई अपनत्व महसुस हुने गरि एक दिन मात्र होइन सधैंका लागि सबैको घरमा उज्यालो छरियोस् । सबैले एक दिन मात्र होइन संविधान सम्झिने बितिकै दिपावली मनाउने उमंग पैदा हुनेगरी यो संविधानको संशोधित तथा लागू गरियोस् भन्ने अभिव्यक्तिको साथ संविधान दिवसको हार्दिक शुभकामना सम्पूर्ण नेपाली जनतालाई ।

# अमेरिकी योजना आयो भने नेपाल आतंकवादीहरुको क्रिडास्थल बन्न सक्छ

**० एमसीसी प्रकरणले छिमेकी मित्रराष्ट्रहरुसँग नेपालको सम्बन्ध बिग्रेको हो ?**

– एमसीसीको बारेमा सबैका फरक-फरक धारणाहरु आइरहेको छ । एमसीसीमा धेरै यस्ता कुराहरु छन् जहाँ हामी सहमत हुन सक्दैनौं । वास्तवमा धेरैले एमसीसीको गुह्य कुरा बुझ्केकै छैन । धेरैले एमसीसीका केही प्रावधानहरु संशोधन गर्नुपर्छ भनिरहेका छन् । तर नेपालको परिपेक्ष्यमा, नेपालको भू-राजनीतिक बनावटको हिसाबले एमसीसी नेपालको लागि योग्य छैन । त्यसैले यसको नाममा जतिसुकै पैसा आएपनि, रोजगार सिर्जना गरेपनि यसले नेपालकै अस्तित्वलाई खतरामा राख्ने देखिएकोले हामीले स्वीकार गर्नु हुँदैन । त्यस अर्थमा मैले यसलाई अस्वीकारयोग्य मान्दछु । संशोधन गर्नुपर्ने धेरै कुराहरु छन्, धेरै यस्ता कुराहरु छन्, जसले नेपालको सार्वभौमसत्ता र स्वतन्त्रतालाई चुनौती दिएको छ । कतिपय कुराहरुले हाम्रा छिमेकी चीनलाई असर पार्न सक्छ । त्यसो भएपछि त नेपाललाई स्थिर रह्न गाह्रो हुन्छ । अमेरिकन प्रोजेक्ट जुन देशमा गएको छ, त्यहाँ आतंकवादी गतिविधिहरु बढी भएका छन् । त्यसैले जब यहाँ अमेरिकन योजना सुरु हुन्छ, तब नेपालमा आतंकवादीहरु छिर्न थाल्छन् । त्यसो भयो भने नेपालको हालत के हुन्छ ?

म त अर्थशास्त्री हो, अर्थशास्त्रीय दृष्टिकोणले यो योजनालाई एक नम्बरको मान्दछु । किनभने यसले आम्दानी र रोजगारी बढाउँछ । तर त्यो गर्दागर्दै देश नै बाँच्दैन भने त्यो सबै लिएर के गर्ने ? आउनुस् तपाइँलाई गहना दिन्छु, हिराको हार दिन्छु तर घाँटी काटिदिन्छु भने तपाइँ लिनुहुन्छ ? कसैले लिँदैन । त्यसैले एमसीसीका धेरै पक्ष राम्रा छन्, तर देशै बाँच्दैन भन्ने त्यस्तो योजनाको के काम । त्यसैले भू-राजनीतिक बनावटले गर्दा नेपालको लागि एमसीसी उपयुक्त छैन । यसले नेपालको अस्तित्वलाई नै खतरामा राखिदिन्छ । म एमसीसीको विरुद्ध होइन । यसको बदला अर्को प्रोजेक्ट ल्यानुस्, कुनै अरु ठाउँमा गरौं । जसमा पूर्णरुपमा नेपालको नियन्त्रण होस्, नेपाली सुरक्षित रहोस् । अमेरिका हाम्रो शत्रु होइन, मित्रराष्ट्र हो । त्यस कारण एमसीसीलाई अस्वीकार गर्नु हाम्रो विवशता हो ।

**० यदि एमसीसी नेपालका लागि उपयुक्त छैन भने सरकार किन अलमलमा छ ? लिने कि अस्वीकार गर्ने भन्ने ठोस निर्णयमा किन पुग्न सकिरहेको छैन ?**

– यसका धेरै कारणहरु छन् । एउटा त राजनीतिक दलका नेताहरु बिकिसकेका छन्, पैसा खाइसकेका छन् । त्यसैले उनीहरुलाई अस्वीकार गर्न गाह्रो छ । अर्को कुरा, ती नेताहरुले एमसीसी बुझ्केकै छैन । हामी एमसीसीको संशोधनको कुरामा नजाऔं, यसको जति संशोधन गरेपनि नेपालको हितमा नै छैन । मैले आजभन्दा दुई वर्ष पहिला एउटा टेलिभिजन अन्तर्वार्तामा एमसीसी नेपालको लागि उपयुक्त छैन, अस्वीकार गर्नुपर्छ भनेको थिएँ । एमसीसी अस्विकार गर्नुपर्छ भन्ने व्यक्ति शायद नेपालमा म पहिलो व्यक्ति हुनुपर्छ । त्यतिबेला पनि धेरै नेताहरु यसमा संशोधन गर्नुपर्छ भन्थे । क्रमशः अहिले आएर धेरैले यसलाई स्वीकार नै गर्नुहुँदैन भन्न थालेका छन् । कसैको विरुद्धमा हाम्रो भूमि प्रयोग हुनुहुँदैन भन्ने नीति पनि हो ।

## डा.ठाकुरको संक्षिप्त परिचय

जन्मस्थान : वीरगञ्ज, पर्सा

अध्ययन : विद्यावारिधि

मुख्य सेवाहरू :
- राजदूत, इजिप्ट (अगस्ट, २००५)
- राजदूत, साइप्रस (जनवरी २००८)
- राजदूत, दक्षिण अफ्रिका (जुन २००८)
- शिष्टाचार महापाल प्रमुख, परराष्ट्र मन्त्रालय (२००३–२००५)
- कार्यवाहक राजदूत, भारत (१९९५–१९९८ विभिन्न समयमा)
- कार्यवाहक राजदूत, फ्रान्स (१९९२–१९९३)
- काउन्सुलर, फ्रान्स (१९८८–१९९२)
- कार्यवाहक स्थायी प्रतिनिधि, युनेस्को, पेरिस (१९९१–१९९३)
- द्वतीय सचिव, चीन (१९८२–१९८४)
- यूएन र राजनीतिक शाखा, परराष्ट्र मन्त्रालय (१९७७–१९८१)

यसका साथै संयुक्त राष्ट्रसंघ, बिम्स्टेक, सार्कलगायत कैयौं अन्तर्राष्ट्रिय सम्मेलनहरूमा सहभागिता ।



**डा.रामभक्त पी.भी. ठाकुर**

पूर्वराजदूत तथा परराष्ट्र मामिला विज्ञ एवम् अध्यक्ष, क्यारियर एम्बेस्डर एसोसिएसन

**० तपाईंले जुन आशंकाहरु व्यक्त गर्नुभएको छ, त्यसको जवाफ त एमसीसीले पठाइसकेको छ, त्यसलाई कसरी हेर्नुभयो ?**

– नेपालले सोधेको प्रश्नहरु एकदमै साधारण प्रकारका छन् । एमसीसीबाट उब्जिएको आशंकाहरुबारे एउटा पनि प्रश्न सोधिएकै छैन । एमसीसीका कारण नेपालको अस्तित्व नै खतरामा छन् भन्ने प्रश्नै सोधिएको छैन । जहाँ तपाइँलाई म मारिदिन्छु भनेर भनिरहेको छु भने तपाइँलाई मैले यति रुपैयाँ दिएँ, हिरा दिएँ त्यसले मतलब राख्छ ? त्यसैले नेपालको तर्फबाट सोधिएका प्रश्नहरु स्तरभन्दा तलको छ ।

**० हालै एमसीसीका उपाध्यक्ष फातिमा सुमार चारदिने भ्रमण गरेर फर्किनुभयो । उहाँ के सन्देश लिएर/दिएर फर्किनुभयो त ?**

– हाम्रो सरकार र नेताहरुले भित्रिरुपमा के-के कुराहरु गरे त्यो त थाहा छैन । तर मिडियामा आएका कुराहरुलाई अध्ययन र विश्लेषण गर्दा के निष्कर्षमा पुग्न सकिन्छ भने एमसीसीका उपाध्यक्षको भ्रमण एउटा कर्मचारी स्तरको हो । राजनीतिक नेता जस्तो नेपाल आएर राजनीतिक दलका नेताहरुलाई भेट्न मिल्दैन । नेपाललाई महत्व नै दिएको देखिँदैन । एउटा कर्मचारीले प्रधानमन्त्री, राजनीतिक दलका नेताहरुसँग भेटिरहेका छन् । कुनै ठूलो नेता आएको जस्तो देखियो । एउटा योजनाको कर्मचारीको नाताले एमसीसी उपाध्यक्ष आएर सिधा सरकारसँग कुरा गर्नुपर्ने थियो, नेपालको धारणा के छ भनेर सोध्नुपर्दथ्यो । हुन्छ कि हुँदैन भन्नुपर्दथ्यो । तर उपाध्यक्ष फातिमाको भूमिका नै आपत्तिजनक देखियो । उनले नेताजस्तो भूमिका खेल्ने होइन । नेपालमा त्यत्रो विरोध भइरहेको छ भने लिन्न भन्नुपर्ने हो, यसमा जबरजस्ती गर्ने कुरा होइन नि । अमेरिकाले जबरजस्ती लेउ कि लेउ गरेको गऱ्यौ छ । श्रीलंकाले त स्वीकार गरिदियो । मित्रतालाई हामीले कम आँकलन गरेको होइन ।

अमेरिकाको मित्रता हाम्रो लागि महत्वपूर्ण छ । हाम्रो देशैको अस्तित्व खतरामा भएकोले मात्रै हाम्रो विवशता हो, बुझिदिनुस् भनेको हो । कतिपय नेताहरुले भन्छन् कि एमसीसी नबुझ्केकाहरुले विरोध गरिरहेका छन् । तर मैले सामाजिक सञ्जालमार्फत् चुनौती दिएको थिएँ कि एमसीसी नेपालीले चाँहदैन भने पछि सिध्यो । किन जबर्जस्ती ? यस्तो सहयोग दिएको संसारमा कतै छैन । अमेरिका आफ्नो स्वार्थको लागि नेपाल बर्बाद भए होस् भनेको हो भन्ने कुरा सबै नेपालीले बुझी सके । शरणार्थी भएर बस्नु छैन, धन्यवाद जानुस्, हामी आफ्नो देश आफै बनाउँछौं भन्नु पर्छ । श्रीलंकाले किन नलिएको होला ? श्रीलंकामा फेरि गएर दिनुहोस् । आदरसहित नै हामी यो सहयोग अस्वीकार गर्छौं । हामी अर्को विषयमा एक अर्कासँग मिलेर काम गर्छौं । हाम्रो मित्रता रहिरहन्छ । देशको अस्तित्वको खतराले हामीलाई यसो भन्न विवस बनाएको हो । असल मित्रले हाम्रो विवशता अवश्य नै बुझ्ने छ ।

**० भनेपछि अमेरिकाले एमसीसी लिनका लागि नेपाललाई दबाब दिइरहेको छ ?**

– अमेरिकाले त भनिरहेको छ नि । उसले त कयौंपटक एमसीसीको समयावधि बढाइसक्यो । नेपालले मानिरहेको छैन, तैपनि अमेरिकाले लेउ कि लेउ भनिरहेको छ ।

**० तर नेपाल पनि एउटा निर्णयमा पुग्न सकेको छैन नि ?**

– नेतृत्व कमजोर भएपछि यस्तै हुने हो नि । नेतृत्व बिकिसकेको छ । अनि कसरी उसले अस्वीकार गर्न सक्छ । नेतृत्व त बोल्नै सकिरहेको छैन । एमसीसी पास गरियो भने यहाँ यत्रो ठूलो विद्रोह हुन्छ कि सम्हाल्न आपत् हुन्छ । किनभने यो देशको अस्तित्वको कुरा हो ।

**० एमसीसीले चीनलाई खतरा छ भन्ने कुरा बढी उठिरहेको छ, यसले भारतलाई केही असर गर्दैन ?**

– हामी हरेक दृष्टिकोणले हेरिरहेका हुन्छौं । एमसीसीमा कुनै पनि प्रावधान छैन जहाँ यस्ता कुराहरु लेखिएको छ । तर यसले पार्ने प्रभावबारे मन्थन गर्नुपर्छ ।

**० यसले चीनलाई नै बढी खतरा किन देखिएको छ ?**

– किनभने भारतका लागि काश्मीर मात्रै समस्या हो । पछि भारतलाई पनि खतरा हुनसक्छ । तर हामीले त दूरदर्शी सोच्नुपर्छ । आशंका त सबै चीजको छ । यहाँबाट भारतलाई काश्मीरको समस्या हुनसक्छ । त्यसका लागि नेपालको भूमि प्रयोग हुनसक्छ । जब तिब्बतका लागि नेपालको भूमि प्रयोग हुनसक्छ भने काश्मीरको लागि पनि हुन सक्छ । यो सब एउटा सोचाइको कुरा हो, सोच्दा सबै कुरा सम्भव देखिन्छ ।

**० एमसीसीमा भारत पनि संलग्न छ, तर भारतको तर्फबाट कुनै प्रतिक्रिया देखिँदैन नि ?**

– भारतले यसमा कुनै विरोध देखाएको छैन । यदि कसैले केही बोलेको छैन भने हामी नकारात्मक रुपमा लिनुहुँदैन । सबभन्दा पहिला त हामी नै द्विविधामा छौं । हामीलाई शंका छ कि यसले देशलाई बर्बाद गर्छ । यसबारे नेपालले कुनै निर्णय लियो भने भारतले पनि केही धारणा राख्छ होला । हुनसक्छ, भारतले सोचिरहेको होला कि एमसीसी नेपालमा पासै हुँदैन । मेरो दृष्टिकोणमा यसले तुरन्त भारतलाई कुनै असर गर्दैन तर पछि यसले असर गर्न सक्छ । तर छिमेकीको हिसाबले सबभन्दा बढी प्रभाव चीनलाई पर्न सक्छ । यो त आशंकाको कुरा हो । तर सबभन्दा पहिला त नेपाललाई नै असर पर्छ, अस्तित्व नै खतरामा पर्न सक्छ । जब नेपालमा यस्ता क्रियाकलाप हुन थाल्यो भने चीन पनि हाम्रो विरुद्धमा गइहाल्छ ।

**० भनेपछि अहिले छिमेकी राष्ट्रहरुसँग नेपालको सम्बन्ध चिसिएको हो ?**

– छिमेकी राष्ट्रहरुसँग नेपालको सम्बन्ध बिग्रेको छैन, हामी चलाउन नजानेको हो । हामीले परराष्ट्र नीति राम्ररी चलाउन जानेकै छैनौं । भारत र चीनसँग हाम्रो धेरै मधुर सम्बन्ध छ । चलाउन नजानेकोले बिग्रिरहेको छ । छिमेकी भारत र चीनसँग सम्झौताहरु हुन्छ तर त्यसलाई कार्यान्वयनमा ल्याइँदैन । अहिले भारतबाट रेल ल्याएर जनकपुरमा सडिरहेको छ । योभन्दा लज्जास्पद कुरा के हुनसक्छ ।

**० नेपालका नेतृत्वकर्ताहरु असक्षम छन् ?**

– अवश्य । नेपालका नेतृत्वकर्ताहरु एकदमै कमजोर र असक्षम छन् ।

**० नेपाललाई राम्ररी सञ्चालन गर्न सक्ने नेतृत्व कहिले आउँछ ?**

– अहिलेका नेतृत्वहरुमा त्यो क्षमता छैन । यसका नयाँ पुस्ता नै आउनुपर्छ । नयाँ पुस्ता बहुत उत्साहित छन् तर उसलाई हामीले गाइड गर्न सकिरहेको छैनौं । हामीले दोस्रो पुस्तालाई ल्याउन सकिरहेका छैनौं । तराईबाट म आज जसरी उठें, जे-जे पदमा पुगें, आफ्नो मिहेनतले पुगें । हाम्रा अन्य पुस्ताहरु किन आएनन् । त्यसका लागि हाम्रा नेताहरुलाई कुनै चिन्ता नै छैन । जब तराईमा पार्टीहरु खुले त्यसपछि लागेको थियो कि अब त्यहाँका युवाहरु आउँछन् । तर छैन । ७२ वटा सचिवमा एउटा मात्र तराईबाट छन् । त्यसैले हामीले दोस्रो पुस्तालाई ल्याउनुपर्छ । हाम्रा पुस्ताका मान्छेहरु चाहे त्यो तराईका होस् वा पहाडका, उनीहरुले दोस्रो पुस्तालाई प्रशिक्षण र गाइड गर्नुपर्ने आवश्यकता छ ।

हामीजस्तो मान्छेहरुलाई अनुशासित भएर यो देशलाई चलाउन दिनुभयो भने ३५ वर्षमा नेपाल युरोपको हाराहारीमा पुग्छ । किनभने हामीसँग नहुने कुरा केही पनि छैन । तर हामीसँग नहुने कुरा के छैन भने इमान्दारी । जो आयो, चोर । सबैको आफ्नो घर भरिसक्यो, पार्टी खोल्यो भने आफ्नो परिवारका लागि । हाम्रा तराईका विचरा जनताहरु अहिले पनि त्यहीं अवस्थामा छन् ।

कहिलेकाहीँ मलाई लाग्छ यो उमेरमा राजनीतिमा जाउँ कि । मैले पाउनुपर्ने केही छैन तर दोस्रो पुस्ता पनि बिग्रेला कि भन्ने डर छ । दोस्रो पुस्ता आओस्, कमसेकम त्यसको भविष्य नबिग्रियोस् । त्यसका लागि त राजनीतिमा जानुपऱ्यो ।

राजनीतिमा फेरि यति सजिलो छैन । किनभने कब्जा गरेर बसेका महारथीहरुले राम्रो मान्छेलाई आउन दिँदैन । तर त्यसका लागि लड्नैपर्छ । तराई र पहाडमा धेरै योग्य र इमान्दार मान्छेहरु छन् । नेपालमा सबै प्रकारको प्रक्रिया लागू भइसक्यो तर असफल भइसक्यो । अब हुनसक्छ भने एक वर्ष आर्मीले शासन गरेर, योग्य मान्छेको हातमा प्रशासन दिएर जनतालाई देखाइदिनुपऱ्यो कि देश कसरी हाँकिन्छ । जनताले विश्वास गऱ्यो भने त्यसलाई निरन्तरता दिने, होइन भने आर्मी फिर्ता भएर जान्छ ।

**० भनेपछि अब सैन्य शासनको आवश्यकता छ ?**

– हो, किनभने देश त असफल भइसकेको छ नि । एक तिहाइ बजेट त रेमिट्यान्सबाट आउँछ । यहाँ कृषिको ठूलो सम्भावना छ, तर खेतहरु बाँझो छन् । उद्योग, कलकारखानाहरु बन्द भइसक्यो । भनेपछि देश कसरी चल्छ ? ऋण, अनुदान र भिख मागेर हामी देश चलाइरहेका छौं । यो पाराले देश कति दिन चल्छ ? त्यसैले यो देश आर्मीले चलाओस्, त्यसपछि योग्य मानिसलाई हस्तान्तरण गरोस्, ३५ वर्ष युरोपको छेउमा पुगिन्छ ।

**० अब अन्त्यमा अझ केही भन्नुहुन्छ ?**

– आर्मी शासन होस् भन्ने चाहने मान्छे म होइन । तर जब अन्तिममा 'मरता क्या नही करता' भन्ने हुन्छ । आज राष्ट्र बचाउनु नै हाम्रो पहिलो धर्म हो । आर्मीले शासन गर्ने भनेको सबभन्दा तल्लो तहमा जाने कुरा हो । तर सबै विकल्प हामीले प्रयोग गरिसक्यौं । कसैले राम्रो गरेर देखाउन सकेनन् । अहिलेका नेतृत्वहरुलाई फाल्नैपर्छ र दोस्रो पुस्तालाई ल्याउनुपर्छ । अर्को कुरा हाम्रो हिन्दूत्वमा धेरै खतरा छ । संसारको एउटा मात्रै हिन्दू राष्ट्र थियो, त्यो पनि खत्तम भइरहेको छ । यो हिन्दू देशलाई बचाउनुपर्छ । पहिले पनि हिन्दू राष्ट्र हुँदा अन्य धर्मावलम्बीहरुलाई कुनै समस्या थिएन । कसैमाथि भेदभाव गरिएको थिएन । हिन्दू राष्ट्र हाम्रो पहिचान हो । लाखौं वर्षदेखि सनातन हिन्दू राष्ट्र हो । संसारको यो एउटा धरोहर हो, यसलाई नाश नगर्नुस् । हिन्दू राष्ट्र कायम गरौं, राजसंस्थालाई पनि बचाऔं तर राजालाई पावर नदिऔं । राजालाई आलंकारिक मात्र बनाऔं, देश चलाउने त प्रधानमन्त्रीले हो । प्रधानमन्त्री पनि यस्तो किसिमले होइन, जनताले सिधै मतदान गरेर पठाएको होस् । जब जनताले विश्वास गरेको मान्छे प्रधानमन्त्री हुन्छ भने उसले तलमाथि गर्दै गर्दैन । हाउसलाई पनि पावर दिनुपऱ्यो । किनभने उसले यदि तलमाथि गर्न खोज्यो भने हाउसले खबरदारी गर्छ । न्यायालय हाम्रो एकदम बलियो र निष्पक्ष हुनुपऱ्यो । दलहरुको भागवण्डामा न्यायाधीश नियुक्त गर्ने होइन । त्यसैले म अन्त्यमा यति भन्न चाहन्छु कि यो देश हिन्दूराष्ट्र कायम होस् । तर सबै धर्मलाई माया र प्रेम गरौं । आलंकारिक राजा आओस् । राजाले देशको सांस्कृतिक एकता र प्रेम राखिदिओस् । देशलाई हाँक्ने प्रधानमन्त्रीले हो । हामीले पायौं भने ३५ वर्षमा नेपाललाई युरोपको छेउमा पुऱ्याइदिन्छौं । किनभने हामीसँग योजना छ र सबभन्दा बढी तागत इमान्दारी र मिहेनत छ । त्यो चीज अहिलेका नेतृत्वहरुमा छैन । त्यसैले नयाँ पुस्तालाई हेला नगरौं ।

# 'मविरुद्ध संवैधानिक निकायको दुरुपयोग गर्दै आक्रमण गरियो'

आज म करिव डेढ वर्षको मौनतापछि यहाँहरु समक्ष उभिएको छु। आधा शताब्दि लामो मेरो राजनीतिक 'करिअर'माथि नियोजित रुपमा प्रहार गरेपछि आफ्ना तथ्यपूर्ण यथार्थ कुरा नेपाली जनतासमक्ष राख्न म उपस्थित भएको हुँ। सर्वप्रथम म यहाँहरुलाई हार्दिक स्वागत एवं अभिवादन गर्न चाहन्छु।

यहाँहरुलाई थाहै छ, बालुवाटारको ललिता निवास जग्गा प्रकरणमा यसवीच के के घटनाहरु भए। यसमा मलाईसमेत राजनीतिक प्रतिशोध साध्ने उदेश्यले मात्रै मुछेर मुद्दा चलाईएको कुरालाई चर्चाको विषय बनाईएको छ त्यस सम्बन्धमा यथार्थ सत्यतथ्य सार्वजनिक गर्न आवश्यक भएकाले यहाहरुलाई निमन्त्रण गरेको हुँ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गैरकानुनी तवरले म समेतलाई प्रतिवादी बनाई मिति २०७६ माघ २२ गते विशेष अदालत समक्ष मददा दायर गरेपछि करिव डेढ वर्षको अन्तरालमा म एकपटक पनि सार्वजनिक सञ्चार माध्यममा आईन। यस सम्बन्धमा आफनो धारणा, प्रतिक्रिया र दृष्टिकोण पनि राखेको थिईन। यसवीच पार्टी र अन्य सामाजिक गतिविधिहरुमा प्रत्यक्ष रुपमा सहभागी पनि भएको थिईन। आज म जनतालाई सर्वशक्तिमान जनार्दन मानेर यहाहरुको माध्यमबाट आफना कुराहरु भन्न चाहन्छु।

म विशेष अदालतमा २०७८ असार ३० गते हाजिर भएको हुँ। न्यायालयवाट मलाई धरौटीमा रिहा गरिएकोमा न्यायालयप्रति सम्मान व्यक्त गर्दछ। वास्तवमा न्यायालयवाट न्याय पाएपछि मात्रै सार्वजनिक रुपमा आफ्ना कुरा राख्ने सोचमा थिए। तर राजनीतिक प्रतिशोध र कत्सित उदेश्यबाट कटा मददा लगाएर जीवनभर स्वतन्त्रताका लागि निरन्तर क्रियाशील व्यक्तिको सार्वजनिक जीवन यमाप्त पार्ने पड्यन्त्र भएको छ भने निष्कर्षमा मैले आफना यथार्थ का जनसमक्ष राख्ने जमर्को गरेको छ। यो मेरो दायित्व पनि हो।

मलाई सम्झना छ मिति २०७६ माघ २३ गतेको कान्तिपुर दैनिक पत्रिकामा प्रकाशित भएको समाचारमा मेरो लामो राजनीतिक जीवनमा धक्का लागेको भन्ने व्यहोरा प्रकाशित गरिएको थियो। मेरो पचास वर्षको राजनीतिक र सामाजिक जीवन नै ध्वस्त गर्ने कत्सित उदेश्यबाट रचिएको पडयन्त्रको फलस्वरुप अख्तियार दुरुपयोग अनुसन्धान आयोग प्रयोग भएको मैले आज भन्नपदा अतिशयोक्ति हुँदैन। जन करा मलाई आरोपित गर्दा आरोप पत्रमा लगाइएका आरोपका साथ सलग्न प्रमाण कागजातहरु अध्ययन गरिएमा मेरा विरुद्ध लगाईएका आरोपहरु केवल पड्यन्त्र मात्र हो भने करा पुष्टि हुनेछ।

वस्तुतः अस्तियार दुरुपयोग अनुसन्धान आयोग संवैधानिक निकाय हो। कानूनी जिम्मेवारी अनुरुप आफना काम कारवाही गर्न आयोग स्वतन्त्र छ। आयोगको नेतृत्व लिने व्यक्तिले सरकारको छायाको रुपमा काम नगरेको अवस्थामा आयोगले स्वतन्त्र तवरले निष्पक्षताका साथ अनुसन्धान गर्न सक्ने करामा दुइमत हुँदैन। हामीले संवैधानिक आयोग कानुनको सीमाभित्र कार्य गर्ने गर्दछ भनी आयोग प्रति सम्मान व्यक्त गर्ने हो। यसै मर्मलाई आत्मसात गरि अनुसन्धानको सिलसिलामा आयोगलाई सहयोग गर्ने उदेश्यले म मिति २०७६ साउन ५ गते नयाँदिल्लीमा आफनो आँखाको उपचार गर्ने समयलाई तत्काल स्थगित गरेर काठमाडौं फर्किएको थिएं।

अन्तियार दुरुपयोग अनुसन्धान आयोगबाट यस जग्गा प्रकरणका सम्बन्धमा विशेप अदालत समक्ष दायर गरिएको मुददावाट उब्जिएका धेरैजसो पूर्वाग्रही कार्यहर र आशंकाहरुबारे तपाईहरु प्राय सबैजसो अनभिज्ञ हुनुहुन्न भन्ने मेरो विश्वास रहेको छ। तथापि, म यहाँहरु सबैलाई यो मुद्दाको फायल। अख्तियारको वेभसाईटमा पनि उपलबछ आद्योपान्तअध्ययन गर्न हार्दिक अपील गर्दछ। खोज र अनसन्चान पत्रकारिताका लागि यो फायल अध्ययन हुन जरुरी भएको छ। यो फायल अध्ययनपछि राजनीतिक दवाव, बदनियत र प्रतिशोधपूर्ण गरिएका कामहरुवाट कन हदसम्म पराकाप्टा नाघने रहेछ भन्न वस्तुस्थितिको यथार्थ ज्ञान हुने छ। सरकारको राजनीतिक दवाव र प्रतिशोधको एजेन्डामा संवैधानिक आयोग शीर निहुराएर जसरी पनि मुद्दा चलाउन सक्ने रहेछ भन्ने कुरा अव जगजाहेर भएको छ।



**विजयकुमार गच्छदार (उपसभापति, नेपाली कांग्रेस)**

प्रधानमन्त्री एवं विशिष्ठ व्यक्तिहरुको निवास विस्तार गर्ने नेपाल सरकारको गुरुयोजना मैले भौतिक योजना तथा आवास मन्त्रालयको जिम्मेवारी सम्हाल्नु भन्दा धेरै पहिला देखि नै प्रारम्भ भएको हो। उक्त गुरु योजना मेरो निर्देशन र निर्णयले बनेको होइन। सो गुरु योजना कार्यान्वयन गर्न तत्कालिन प्रधानमन्त्री माधवकुमार नेपालज्यूको निर्देशानुसार प्रकृया अगाडि बढेकोमा तह तह हुँदै म सम्म आएको टिप्पणी बमोजिमको प्रस्ताव उपर निर्णय हुनको लागि मैले मन्त्रीपरिपदमा प्रस्ताव पेशसम्म गरेको हुँ। उक्त प्रस्ताव मन्त्रीपरिषदबाट सर्वसम्मत रुपमा पारित भै कार्यान्वयन अगाडि बढेको हो। यस्तो मन्त्रीपरिषदको समहिक निर्णयको बिषयमा बिभागीय मन्त्रीको हैसियतले प्रस्तावसम्म पेश गर्ने म उपर मात्रै मद्धा चलाईएको तथ्यले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले म उपर पूर्वाग्रह राखेको प्रमाणीत गर्दछ। मैले व्यक्तिगत रुपमा लाभ लिनु वा नेपाल सरकारलाई हानी पर्‍याएको अवस्था नभएकोले सरकारको गुरुयोजना कार्यान्वयन गर्ने प्रस्ताव मन्त्रीपरिषदमा पेश गर्ने सम्मको कार्य कदापी भ्रष्टाचारजन्य कार्य हुन सक्दैन। मददा निष्पक्ष चलाईएको छैन। छानीछानी मुददा चलाउने काम भएको छ। उन्मुक्ति दिनु नपर्नेलाई उन्मति दिड कासा र पाखा गरिएको विषय सार्वजनिक तहमै उदांगो भैसकेको छ। राजनीतिक पवागहबाट मात्र मलाई तान्ने कार्य गरि कसकसैलाई दलीय संरक्षण प्रदान गरी मेरो राजनीतिक चरिख हत्या गर्ने पडयन्त्र भएको हो।

पत्रकार मित्रहरु

आफनो वारेमा पनि केही कुरा राख्न चाहन्छ। त्यसो त आफै आफ्नो कुरा भन्नुपर्दा केही असहज लागेपनि यहाँहरु समक्ष भन्नैपर्ने भएको छ। मेरो सम्पूर्ण राजनीतिक जीवन खुल्ला किताव सरह छ। मेरा बारमा व्यक्तिगत मूल्यांकन गर्दा एउटै समान धारणा सबैको हुनुपर्छ भनी म भन्न सक्दिन। वस्तुत, ५० वर्षसम्म अनवरत राजनीतिक यात्रामा मैले तय गरेका जीवनका कठोरभन्दा कठोरतम दिनहरुसंग जुधि कैयौं चुनौतिसँग पौंठेजोरी खेल्दै यहाँसम्म आएको छ। पञ्चायतकालीन कालरात्रीका दिनहरु विशुद्ध प्रजातन्त्र प्राप्तिका लागि गरेका संघर्पका घटनाहरु अझै मेरो मानसपटलमा ताजै छन। लोकतान्त्रिक गणतन्त्रतात्मक शासन व्यवस्था कायम गराउन गरिएका संघर्षका अनेकौं पहलहरुमा मैले निवाह गरेका भूमिका यहाँहरुलाई मैले बताईरहन नपर्ला, त्यो इतिहास सबैलाई विदितै छन्।

मैले आजसम्म राप्लाई हानी नोक्सानी पुग्ने र आफूलाई मात्र लाभ हुने कुनै पनि गैरकानूनी कार्य गरेको छैन। सेवा र समर्पण सहित राजनीति गरेको व्यक्ति हुँ म। त्यसकै लागि समर्पित पनि छ। २०४८ सालदेखि पटक पटक मन्त्री र उपप्रधानमन्त्री पदमा रहँदा पनि मैले कानूनले दिएको सविधाबाहेक नियमविपरित कनै पनि लाभ लिएको छैन। यति लामो समय मन्त्री भएको नेताको काठमाडौमा बास बस्ने आफनो निजी निवास पनि नभएको र भाडाको घरमा बसिरहेको भन्ने कुरा सुन्दा यहाँहरुलाई आश्चर्य पनि लाग्न सक्ला, तर यथार्थ यही हो। मैले मन्त्री पदको जिम्मेवारी पाउँदा सदैव आफनो र परिवारको सम्पत्ति विवरण सार्वजनिक गरेको थिएं जो यहाहरुले पढन बझन सक्नहुन्छ। ललिता निवास जग्गा प्रकरणमा पनि मैले पदीय जिम्मेवारी अनुसारको भूमिका बाहेक अन्यथा केहीपनि गरेको होईन र छैन। यसमा कोही कसैसंग कुनै किसिमको लाभ लिएको छैन। यस्तो अवस्थामा पनि मेरो खुला, सादा र स्वच्छ, जीवनलाई ध्वस्त पार्ने कुटिल उदेश्य राखी किन र के कारणले निराधार आरोप लगाई मुद्दा लगाईएको हो, मलाई आश्चर्य लागिरहेको छ।

संविधान निर्माणमा मेरो भूमिका

पत्रकार मित्रहरु,

यहाहरुलाई अवश्य पनि सम्झना हुनुपर्छ, २०७२ जेठ २५ गते प्रमुख राजनीतिक दलहरुवीच १६ बंद सहमति भएको थियो, जसले 'डेडलक' को अवस्थामा पुगेको राष्ट्रिय राजनीतिलाई निकास दिएको थियो। प्रमख चार दलका शीर्ष नेताहरु नेपाली कांग्रेसका सभापति सुशील कोइराला, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र मधेशी जनअधिकार फोरमको अध्यक्ष म विजयकुमार गच्छदार त्यो सहमतिका हस्ताक्षरकता हो। संविधान सभाले निर्माण गरको संविधान जारी हुननसकी देश नै अनिर्णयको बन्दी भैसकेको अवस्थालाई चिरेर निकास दिन मैले सहजकर्ताको भूमिका खेलेको थिएँ। अनि मात्र संविधान जारी हुन सकेको थियो। मैले आफनै योगदानका बारमा आफै चचा गर्दा असहज पनि महसुस भैरहेको छ तर आज यस परिस्थितिमा यो सत्य करा पनि चचा गर्न म वाध्य भएको छ। एउटा थारु समुदायमा जन्मेको सदस्य राजनीतिक स्वतन्त्रताका लागि जीवन समेत अर्पण गर्न पछि नपरेको र निष्पक्ष तथा पारदर्शि तरिकाले पाएको जिम्मेवारी पूरा गर्दै आएको, ममाथि किन यस्तो प्रतिशोधको व्यवहार गरियो भनेर सम्पूर्ण नेपाली दिदीवहिनी तथा दाजुभाईहरुले समेत प्रश्न गर्न जरुरी भएको म ठान्दछ।

तत्कालिन दुइतिहाई बहुमतको कम्युनिष्ट सरकारले हाम्रो संविधानले परिकल्पना गरेको सवैधानिक सन्तुलनमाथि नराम्ररी प्रहार गरेको छ र शक्ति पृथकीकरणको सिद्धान्तलाई जोगाउन संवैधानिक अंगहरु समेत असमर्थ देखिएका छन्। एउटा यस्तै संवैधानिक निकाय हो अख्तियार दुरुपयोग अनुसन्धान आयोग। आयोगको भूमिका पनि स्वतन्त्र र निष्पक्ष हुनुपर्छ भन्ने संविधानले गरेको परिकल्पना उसके असन्तुलित भूमिकाले क्षतविक्षत हुन पुगेको छ।

एक लोकतन्त्रवादी हुनुका नाताले मैले लोकतान्त्रिक पध्दतिको स्थापना, प्रवदन र संस्थागत विकासका लागि जे सकेको योगदान गर्दै आएको छ भन्ने कुरा आम नेपाली जनताको नजरबाट छिपेको छैन भन्ने मेरो विश्वास छ। म लोकतन्त्र प्रति अपार विश्वास राख्ने राजनीतिक प्राणी हुँ। लोकतन्त्रवादी संस्थाबाट अभिप्रेरित म जस्तो व्यक्तिको स्वतन्त्र न्याय प्रणालीप्रति अटुट विश्वास हुनु स्वाभाविक हो। जसले जे अभियोग लगाए पनि स्वतन्त्र र निष्पक्ष न्यायालयबाट मलाई न्याय हुने छ भन्ने तथ्यमा रत्तिभर शंका छैन। सरकार र अन्य पक्षहरुवाट हुने प्रतिशोधपूर्ण दुव्यवहारबाट घोर अन्यायमा परेका नागरिकलाई निष्पक्ष न्याय दिने एकमात्र अभिभावक भनेकै न्यायालय हो भन्ने कुरामा कुनै शंका छैन। जहाँसम्म भ्रष्टाचारको सम्बन्ध छ, जो सुकै पनि भ्रष्टाचारमा संलग्न भेटिए कारबाहीको दायरामा ल्याईन् पर्दछ भन्ने मेरो मान्यता हो। तर यसको अनुसन्धान र तहकिकात निप्पक्ष एवं विश्वसनिय हनपर्दछ भन्ने मात्र मेरो भनाई हो। कुनैपनि कार्यकारी पदमा नरहेको व्यक्तिलाई निलम्बन गर्नु न्यायसंगत हनैसक्दैन। तर कार्यकारी पदमा रहेको व्यक्तिलाई निलम्बनमा राख्न सकिने कानूनी प्रावधानको दरुपयोग गर्दै सार्वभौम जनताबाट निर्वाचित जनप्रतिनिधि ममाथि नियतवश मद्दा चलाउनु भनेको कपटपूर्ण कार्य हो।

यसरी मददा चलाउँदा एउटा व्यक्तिका सम्पूर्ण धरोहर ध्वस्त गर्ने पड्यन्त्रको फलस्वरुप गरिने कार्य भने अतिशय निन्दनीय छ। यस्तो हुनसक्छ भनि बुझिवुझि लामो षड्यन्त्रको श्रृंखलाको रुपमा मेरो प्रतिष्ठा र राजनीतिक निष्ठा तथा इमान्दारित ध्वस्त पार्ने नियतले यो मुददा दायर गरिएको हो। जोसुकैलाई पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा चलाउन चाहेमा एउटा बेनामी खेस्रा निवेदन दिएर कारबाही चलाउने परिपाटीको अन्त्य हुनैपर्दछ। जसमा सम्बन्धित सबैको ध्यान जान जरुरी भएको छ। तसर्थ यो मैले भन्नै पर्दछ कि मेरो राजनीतिक यात्रालाई समाप्त गर्ने कलपित उदेश्यबाट रचित पडयत्वको फलस्वरुप अन्तियारले म विरुद्ध मुद्दा दायर गरेको हो। त्यसैले यो दायर गरिएको मददा अवका दिनमा यो देशमा तत्कालिन अधिनायकवादी सरकारको नागो कदमको रुपमा चित्रित हने छ।

अन्तमा मलाई प्रतिवादी बनाईयो भनेर मात्र म यसो भनिरहेको छैन। तत्कालिन कम्युनिष्ट सरकारको अधिनायकवादी दम्भवाट सिर्जना भएका यस्ता अन्यायपूर्ण कार्वाहीका विरुद्ध संवैधानिक निकायहरुलाई दवावमा पारी सम्पूर्ण प्रतिपक्षलाई तर्साउने षड्यन्त्रको विरुद्ध सबै प्रजातन्त्रवादी राजनीतिकर्मी एवं सचेत नागरिकहरु जागरुक हुनुपर्दछ।

यी सबै पृष्ठभूमि र तथ्यहरुबाट के सिध्द हुन्छ भने राजनीतिक प्रतिशोध साँध्न संवैधानिक निकायहरुको दुरुपयोग गर्ने र आफनो दूनो नसोझिंदा जो कसैलाई पनि राजनीतिक शिकार बनाउने अपराधिक कर्म हुँदोरहेछ। म त्यस्तै कुत्सित उदेश्यको निशानामा परेको एक राजनीतिक व्यक्ति हुँ। तथ्य प्रमाणहरु केलाएर अनुसन्धान गरेर यहाहरुबाट यथार्थ सूचना आमजनसमुदाय समक्ष प्रस्तुत भैदिएमा यत्ताको बलमा हुने अपराधिक कार्यहरुको पर्दाफास हुनेछ भन्ने मेरो आग्रह हो।

अन्त्यमा, एउटा सानो कुरा जोड्दै आफ्नो भनाई टुंग्याउन गैरहेको छ। हाम्रो समाजमा एउटा भनाई चर्चामा रहने गर्दछ, 'बूढी मरी भन्दा पनि काल पल्क्यो भन्ने डर।' म विरुद्ध संवैधानिक निकायको दुरुपयोग गर्दै जसरी आक्रमण गरिएको छ यसबारेमा मेरो पार्टी नेपाली कांग्रेसका नेता कार्यकर्ता साथीहरु, पेशाकर्मी मित्रहरु लगायत सबै नेपाली दाजुभाई दिदीबहिनीहरु सचेततापूर्वक अन्याय विरुध्दा नउठे भविप्यमा अरुमाथि पनि यस्तै पड्यन्त्रको तानबाना बुन्ने खतरा रहने छ। जस्तोसुकै पइयन्त्र गरिएपनि म नागरिक अधिकारको रक्षा, विधिको सर्वोच्चता र लोकतन्त्रको रक्षाका लागि सदा अग्रपक्तिमा उभिन तयार रहने पनि अवगत गराउन चाहन्छु।

यहाहरु आएर मेरा कुरा सुनिदिनु भयो, विज्ञप्तिमा संक्षेपमा मेरा धारणाहरु प्रस्तुत गरेको छ थप विवरण अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट पनि लिन सक्नुहुने नै छ। जे छ त्यही सचना सार्वजनिक गरिदिनु भए म माथि न्याय हुने छ भन्ने आग्रह गर्दछु।

धेरै धन्यवाद।

*(गच्छदारले बुधबार काठमाडौंमा आयोजना गरेको पत्रकार सम्मेलनमा जारी गरिएको वक्तव्य)*

## मधेश अपडेट

### प्रतिबन्ध हटाउन प्रधानमन्त्रीलाई आग्रह

वीरगञ्ज। वीरगञ्जका होटल तथा पर्यटन व्यवसायीले सीमा नाकामा भारतीय सवारी साधनमाथि लगाइएको प्रतिबन्ध फुकुवा गर्न प्रधानमन्त्री शेरबहादुर देउवासँग माग गरेका छन्। भारतीय गाडीमाथिको प्रतिबन्धले वीरगञ्जका होटल तथा पर्यटन व्यवसायी पलायन हुने अवस्थामा पुगेको उनीहरुले गुनासो गरे। होटल तथा पर्यटन व्यवसायी संघ वीरगञ्जका अध्यक्ष हरि पन्त नेतृत्वको टोलीले सोमबार प्रधानमन्त्री देउवालाई ज्ञापनपत्र बुझाउँदै भारतीय सवारीसाधनको आवागमन खुला गर्न माग गरे। नेपालमा स्थलमार्गबाट आउने अधिकांश पर्यटक भारतकै हुने र सीमा नाकामा आवागमन रोकिँदा त्यसको असर सीमावर्ती क्षेत्रमा रहेका होटल, रेष्टुरेन्टलगायत पर्यटन व्यवसाय पर्ने उनीहरुको भनाइ छ। वीरगञ्ज तथा आसपासका क्षेत्रमा सञ्चालित २ सयभन्दा बढी होटल खर्च धान्न नसक्ने अवस्थामा पुगेको होटल तथा पर्यटन व्यवसायी संघ वीरगञ्जका अध्यक्ष पन्तले बताए। 'होटलले सञ्चालन खर्च पनि धान्न नसकेको अवस्था छ, व्यवसायी पलायन हुने अवस्थामा छन्, हजारौंको संख्यामा कर्मचारी बेरोजगार बन्नुपर्ने स्थिति छ,' उनले भने, 'यसै विषयमा प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका छौं।' ज्ञापनपत्र बुझ्दै प्रधानमन्त्री देउवाले एक साताभित्र नाकामा भारतीय सवारीसाधन आवागमनका लागि सकारात्मक निर्णय गर्ने आश्वासन दिएको भेटमा सहभागी व्यवसायीले बताएका छन्।

### एमसिसीका कारण गठबन्धन टुटदैन : प्रचण्ड

जनकपुरधाम। नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दहाल प्रचण्डले असोज पहिलो साताभित्र सरकारले पूर्णता पाउने दाबी गरेका छन्। गत शनिबार जनकपुरमा नेकपा माओवादी केन्द्र प्रदेश २ को प्रशिक्षण कार्यक्रमको समापनपश्चात् आयोजित पत्रकार सम्मेलनमा प्रचण्डले असोज ४-५ गतेभित्र सरकारले पूर्णता पाउने पनि बताए। उनले बाहिर हल्ला भएजस्तो जनता समाजवादी पार्टी र एकीकृत समाजवादी पार्टीका कारण मन्त्रिपरिषद् विस्तार नअड्किएको पनि दाबी गरे। सत्ता गठबन्धनमा कुनै विवाद नभएको भन्दै गठबन्धन देश र जनताको लागि बनेको उनले बताए। प्रचण्डले एमसिसीभन्दा महत्वपूर्ण पाँच दलीय गठबन्धन रहेको उल्लेख गर्दै उनले आफूहरूका लागि एमसिसी भन्दा गठबन्धन नै महत्वपूर्ण रहेको बताए। उनले भने, 'लोकतन्त्र, गणतन्त्र, संविधान र राष्ट्रका लागि यो गठबन्धन बनेको हो। एमसिसीका कारण गठबन्धन फुट्दैन।' उनले माओवादी केन्द्र एमसिसीविरुद्ध नरहेको तर परिमार्जनसहित सर्वदलीय संयन्त्रबाट मात्र एससिसी पास गर्नुपर्नेमा जोड दिए। प्रचण्डले केपी ओलीको प्रधानमन्त्रीकालमा तत्कालीन अर्थमन्त्रीले एमसीसी बिगारेको आरोप लगाए। तत्कालीन अर्थमन्त्रीले एमसीसी बिगारेर संसदबाट अनुमोदन गर्ने प्रावधान राखेको उनको भनाइ थियो। 'एमसीसी वा कुनै पनि मित्र राष्ट्रसँग विकास नगर्ने भन्ने हुँदैन, बरु एमसीसी सम्झौता जस्तो ओरिजिनल थियो, त्यसलाई बिगारिएको छ, केपी ओलीको पालामा अर्थमन्त्रीले बिगारेर संसदबाट अनुमोदन गर्ने प्रावधान राखेसँगै विवादित भयो, यो संसदबाट अनुमोदन गर्ने प्रावधान राखेसँगै विवाद सुरु भयो' उनले भने।

### प्रदेश २ : लोसपाको विधान तयार

जनकपुरधाम। लोसपा प्रदेश २ ले संसदीय दलको विधान तयार पारेको छ। सांसदहरुबाट लोकतान्त्रिक विधिबाट दलका नेता चयन गर्नुपर्ने आवाज उठेपछि विधान तयार पारिएको हो। सांसद परमेश्वर साहले संसदीय दलको विधान तयार भइसकेको बताए। उनका अनुसार विधानको अनुमोदन असोज ४ गतेपछि मात्र हुनेछ। तत्कालीन राजपाले संसदीय दलको विधान बनाएको थिएन। त्यतिबेला नेताको आदेशमा सांसद जितेन्द्र सोनललाई दलका नेता चयन गरिएको थियो। अहिले दलका नेताको आकांक्षी बढेपछि विधान बनाइएको हो। संसदीय दलका नेता बन्नका लागि सांसदहरु जीतेन्द्र सोनल, उपेन्द्र महतो र बाबुलाल साहले दौडधुप बढाएका छन्। उपेन्द्र महतो लोसपाका वरिष्ठ नेता राजेन्द्र महतोका भतिज हुन्। सोनल र बाबुलाल महन्थ पक्षका छन्। बाबुलाल दलका नेता बन्नकै लागि लबिङ गर्न काठमाडौंमा छन्। प्रदेश २ मा १६ सांसदले लोसपा रोजेका छन्। सभामुख सरोजकुमार यादवले आन्तरिक रुपमा लोसपा रोजेपनि सनाखत गरेका छैनन। उनी तत्कालीन राजपाबाट निर्वाचित सांसद हुन्।

### तीन पालिकालाई स्वास्थ्य सामग्री प्रदान

कपिलवस्तु। कपिलवस्तुका तीनवटा पालिकाले कोरोनाभाइरसविरुद्ध लड्न ६० लाख रुपैयाँभन्दा बढी मूल्य बराबरको स्वास्थ्य सामाग्री पाएका छन्। लुम्बिनी एकीकृत विकास संस्थाको सहयोगमा बाणगंगा नगरपालिकाकालाई २४ लाख, कपिलवस्तु अस्पताललाई २४ लाख र शुद्धोदन गाउँपालिकालाई १२ लाख बराबरका स्वास्थ्य सामग्री प्रदान गरिएको संस्थाका निर्देशक सुनिता बेल्वासेले बताइन्। यसैगरी, संस्थाले बाणगंगा नगरपालिकाका स्वास्थ्य संस्था र विद्यालयमा गरी १८ वटा हात धुने स्थल, सुद्धोदन गाउँपालिकामा १८ र कपिलवस्तु नगरपालिकाका २ विद्यालयमा हात धुने स्थल निर्माण गरेको छ। कोभिडबाट प्रभावित भएका कपिलवस्तुका दुई पालिकाका १५ सय अति विपन्न परिवारलाई राहत स्वरुप खाद्यान्नसमेत वितरण गरिएको थियो।

### सहजताका लागि स्कुल बस सञ्चालन

विराटनगर। मोरङको बेलबारीका केही सामुदायिक विद्यालयले विद्यार्थीको सहजताका लागि स्कुल बस संचालनमा ल्याएका छन्। नगरपालिकाको पहलमा तीनवटा सामुदायिक विद्यालयमा बस आइसकेका छन्। जनता माध्यमिक विद्यालय बेलबारी-१ र जनता माध्यमिक विद्यालय बेलबारी-८ ले दुई वटा बस राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत खरिद गरेका छन् भने जनता मावि बाहुनि बेलबारी - ९ ले नमुना विद्यालय शैक्षिक सुधार कार्यक्रम अन्तर्गत खरिद गरेका हुन्। यस्तै बेलबारी - ८ वलुवाईको एक सामुदायिक विद्यालयले भने आन्तरिक कोषबाट आफै बस खरिद गर्न लागेको छ। नगरपालिकाको शिक्षा शाखाका प्रमुख भुपेन्द्र कोइरालाका अनुसार बस विद्यालयले आफै खरिद गरेका हुन्। नगरपालिकाले समन्वय गरेर स्रोत जुटाइदिएपछि विद्यालयहरूले आफै बस खरिद गरेका हुन्। सामुदायिक विद्यालय प्रति विद्यार्थी र अविभावकको आकर्षण बढ्न थालेपछि विद्यार्थीलाई सहुलित दिनका लागि विद्यालयहरूले बसको सेवा थपेका हुन्। विद्यार्थीको चाप बढेपछि विद्यालयले बस संचालनमा ल्याएको जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक जनक घिमिरेले बताए।

### लुम्बिनी प्रदेशका २१९ सडक आयोजना खारेज

बुटवल। लुम्बिनी प्रदेशमा अघिल्लो सरकारले सुरु गरेका साढे ५२ करोड रुपैयाँ बढी लगानीका २१९ वटा सडक आयोजना खारेज भएका छन्। केपी शर्मा ओली नेतृत्वको सरकारले सुरु गरेका एक हजार ४०० वटाभन्दा बढी सडक आयोजना बजेट अध्यादेश प्रतिस्थापन विधेयकमार्फत कटौती भएपछि लुम्बिनीमा सडक आयोजनाका लागि आएको ५२ करोड ५६ लाख रुपैयाँ बजेट गुमेको छ। प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले अघिल्लो सरकारले तय गरेका सडक आयोजना खारेज गरेपछि रूपन्देहीका मात्र ४९ वटा सडक खारेजीमा परेका हुन्। यसैगरी बाँकेका २९, दाङका ३४, प्युठानका १४, कपिलवस्तुका ३३, पाल्पाका २३, गुल्मीका ३६ र रुकुम पश्चिमको एउटा सडक योजना खारेजीमा परेका छन्। अघिल्लो सरकारका प्रधानमन्त्री ओलीले सडक पूर्वाधार कार्यक्रमअन्तर्गत १६५ वटा निर्वाचन क्षेत्रमा बन्ने एक हजार ४१० वटा सडक शिलान्यास गरेका थिए। सडक नजोडिएका र सुधार गर्नुपर्ने सडक पनि यस आयोजनामा परेका थिए। रूपन्देहीमा प्रति सडक आयोजनाका लागि २४ लाख रुपैयाँ विनियोजन भएको थियो। नयाँ सरकार बनेपछि अघिल्लो सरकारले ल्याएको बजेटमा संशोधन गर्दै अर्थमन्त्री जनार्दन शर्माले प्रतिस्थापन विधेयक ल्याएका छन्। प्रतिस्थापन विधेयकबाट नै यी सडक आयोजना बजेट नभएको भन्दै खारेज गरिएको हो। अघिल्लो सरकारले यी सडकका लागि तीन अर्ब ४९ करोड ७० लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो।

### मन्दिरलाई एक लाख सहयोग

नेपालगञ्ज। साइकल अभियन्ता सतिश निरौलाले बाँकेको नरैनापुरमा रहेको सन्तानेश्वर मन्दिरको खानेपानी व्यवस्थापनका लागि एक लाख रुपैयाँ सहयोग गरेका छन्। सन् २०२१ को कोराअन्तर्गत सय किलोमिटर साइकल चलाउने क्रममा अभियन्ता निरौलाले एक किलोमिटर साइकल चलाएको एक हजार स्पोन्सर गर्न आह्वान गरेका थिए। उक्त आह्वानमा कसैले एक किलोमिटर त कसैले दश किलोमिटरको स्पोन्सर गरेका थिए। ५८ जनाबाट संकलन भएको एक लाख रुपैयाँ निरौलाले नेपालगञ्ज उपमहानगरपालिकाका उपमेयर उमा थापामार्फत मन्दिरका मूल महन्थ योगानन्द गिरीलाई हस्तान्तरण गरे। पछिल्लो समयमा चर्चामा आएको सन्तानेश्वर मन्दिरमा खानेपानीको अभाव रहेको छ। खानेपानीका लागि ठूलो समस्या देखेपछि आफूले कोसको बेलामा सहयोग अभियान थालेर सहयोग जुटाएको निरौलाले बताए।


# सूचना ! सूचना !! सूचना !!!

**नेपाल पिछडावर्ग (OBC) महासंघको वार्षिक साधारणसभा तपशीलमा उल्लेखित मिति, स्थान र समयमा हुने भएकोले सम्पूर्ण प्रदेश कमिटी, जिल्ला कमिटी, जनवर्गीय संगठनका कमिटीहरुका महासमितिसभा सदस्य तथा प्रतिनिधिहरुलाई उपस्थितिका लागि सूचना जारी गरिएको छ।**

**नोट : यो वार्षिक साधारणसभामा आर्थिक प्रतिवेदन, सांगठनिक प्रतिवेदन र भावी योजनाको प्रतिवेदनसमेत प्रस्तुत गरिनेछ।**

**तपशील:**
मिति : २०७८ असोज १८ गते सोमबार
स्थान : मधेश मिडिया हाउसको सभाहल
अनामनगर, काठमाडौं
समय : बिहान १०:०० बजे

**भवदीय:**
गजेन्द्र ठाकुर
केन्द्रीय अध्यक्ष, नेपाल पिछडावर्ग (OBC) महासंघ
केन्द्रीय कार्यसमिति
सम्पर्क : ९८४१३९२२२५

# जनमतको केन्द्रीय कार्यकारिणी र केन्द्रीय समितिका निर्णयहरू



केन्द्रीय कार्यकारिणी समितिका निर्णयहरू (आंशिक सूची)

मिति २०७८ भाद्र २७, २८ र २९ गते धनुषा जिल्लाको जनकपुरधाम उपमहानगरपालिका भानुचौक स्थित जनमत पार्टीको केन्द्रीय सचिवालयमा बसेको केन्द्रिय कार्यकारिणी समितिको बैठकमा पेश भएका प्रस्तावहरूमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरू पारित भएको छ ।

१. केन्द्रीय सचिवालय संचालन निर्देशिकामा थप संशोधन गरी पारित गरिएको छ। २. केन्द्रीय सचिवालयमा कामको बाँडफाँड आपसी समझदारीको आधारमा गरिएको छ ।

२. सार्वजनिक प्रयोजनका लागि आवश्यक सम्पर्क व्यक्तिहरू र मोबाइल नम्बरहरू समेत सार्वजनिक गरिनेछ ।

३. संगठन निर्माण तथा संचालन निर्देशिका-२०७८ भाद्र संशोधन गरी पारित गरिएको छ ।

४. निर्वाचन आयोगबाट केन्द्रीय समितिमा एक-तिहाई महिलाको संख्या सुनिश्चित गर्ने निर्देश अनुसार ३ जना थप महिला केन्द्रीय सदस्यहरूको लागि प्रस्ताव केन्द्रीय समिति समक्ष लग्ने निर्णय गरेको छ ।

५. जागिरमा रहेका केन्द्रीय कार्यकारिणी समितिका पदाधिकारीहरूले २०७८ आश्विन २१ गते भित्र सके राजीनामा दिई वा कम्तीमा आगामी निर्वाचनसम्म आफ्नो जागिरबाट बिदा लिई आफ्नो जिल्ला वा केन्द्रीय सचिवालय वा निर्देशन अनुसार फिल्डमा काम गर्न पर्ने निर्णय गरेको छ ।

६. बहालवाला कोषाध्यक्षलाई अन्य जिम्मेबारीमा मनोनित गर्न स्थायी समितिलाई अनुरोध गर्ने निर्णय गरेको छ ।

७. जिल्ला समन्वय समितिको सदस्यहरूको प्रकाशित सूचीमा वडा वा पालिकाहरूको अधिवेशन विवादित रहेका ठाउँमा विवाद सकेसम्म मिलाइदिने, नभए मतदान प्रक्रियाबाट पुन: अधिवेशन गराउने निर्णय गरेको छ। भविष्यमा अधिवेशन भइसकेका वडा/पालिकामा जो कोहीले सीधै पुन: अधिवेशन गर्न पाउनेछैन, गरेमा अमान्य हुनेछ। भएको अधिवेशनमा प्रक्रिया नमिलेको देखिएमा वा अमान्य हुने आधार देखिएमा त्यसको उजुरी माथिल्लो समितिमा दिन सकिनेछ ।

८. २०७८ चैत्रमा स्थानीय तहको निर्वाचन हुने सम्भावना भएकोले जिल्ला कार्यकारिणी समितिहरूको पदावधि ६ महिना थप गरिने निर्णय गरेको छ । राजीनामा दिएका, सपथ ग्रहण नगरेका वा बैठकमा ३ पटक सम्म अनुपस्थित रहेका जिल्ला पदाधिकारीहरूको हकमा छानबीन गरी सो पदमा केन्द्रीय कार्यकारिणीले पुन: मनोनयन गर्न सक्नेछ ।

९. आफूले पूर्ण जिम्मेबारी लिइसकेको काम केन्द्रीय समिति सदस्य, विशेष समिति, विभाग, जनवर्गीय तथा भातृसंगठनका प्रमुख/पदाधिकारीहरूले सो काम पूरा गरेको नदेखिएमा त्यसको छानबीन गरिनेछ र आवश्यक कदम चालिनेछ। डाक्टर जनमत संघ सहित अन्यले महाधिवेशनका बखत लिएको आर्थिक जिम्मेवारी पूरा नगरेको विषयमा आवश्यक कदम चालिनेछ ।

१०. केन्द्रीय सदस्यहरूलाई गाउँपालिका अधिवेशनको जिम्मेबारी मिति तोकेरै पठाइनेछ र सो जिम्मेबारी जसरी पनि पूरा गरेर आउन पर्नेछ। सो पूरा गरे नगरे अनुसार केन्द्रीय सदस्यहरूको मूल्याङ्कन रेकर्ड राखिनेछ र सोही अनुसार भविष्यमा जिम्मेबारी दिने वा नदिने, पार्टीको कुनै पद वा लाभ दिने कि न दिने निर्धारण गरिनेछ ।

११. ठूलो संख्यामा सदस्यता ठेलीहरू ग्राउन्डबाट फिर्ता नभएकोले वडा तथा गाउँपालिका अध्यक्षहरूलाई सदस्यता ठेली जम्मा गर्न निर्देश दिइनेछ ।

१२. पटक पटक अनुरोध गर्दा सदस्यता ठेली रकम फिर्ता नगरेका सदस्यहरूको सूची तैयार गरी आवश्यक जाँचबुझ गरिनेछ ।

१३. पार्टीसँग ब्लैकमेल गर्ने वा बदनाम गर्ने नियतले सार्वजनिक रूपले राजीनामा दिने धम्की दिएमा त्यसलाई राजीनामा सरह मानिनेछ र सो कुनै तहको भएतापनि भविष्यमा कुनै महत्वपूर्ण जिम्मेबारी, पद वा सांगठनिक लाभ लिन नसकिने गरी निज सदस्यलाई ब्लैकलिस्ट गरिनेछ ।

१४. विधान वा निर्देशिकाले निर्देशित गरेको दायरा भित्र कुनै पनि पदाधिकारी वा सदस्यलाई कुनै क्षेत्रमा निषेध गर्न सकिने छैन । निषेध गरेको पाइएमा छानबीन गरी उपयुक्त कारबाहीको लागि अनुशासन समितिको ध्यानाकर्षण गराइनेछ ।

१५. मधेश आन्दोलनमा मारिएका शहीदहरूको श्रद्धाञ्जली सहित उपयुक्त कार्यक्रम गरी आश्विन ३ गते 'कालो दिवस' तथा मंसीर १० गते 'रंगभेद विरूद्धको एकता दिवस' को कार्यक्रमलाई यसवर्ष पनि निरन्तरता दिइनेछ ।

केन्द्रीय समितिका निर्णयहरू (आंशिक सूची)

मिति २०७८ भाद्र ३०-३१ गते बिहीबार धनुषा जिल्लाको जनकपुरधाम उपमहानगरपालिका महाबीरचौक स्थित न्यू चन्दन होटलमा बसेको केन्द्रीय समितिको विस्तारित बैठकमा पेश भएका प्रस्तावहरूमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरू पारित भएको छ ।

१. जनमत पार्टीको विधान २०७५ को धारा - १६ग(१०) अनुसार केन्द्रिय समितिमा सर्वसम्मतिले निम्न सदस्यहरूलाई चयन गरी समावेश गर्ने निर्णय गरेको छ। (क) श्रीमती नीलम पासवान (रूपन्देही) (ख) श्रीमती निशा हरिजन (कपिलवस्तु (ग) श्रीमती रेखा कुमारी मण्डल (धनुषा)

२. जिल्लागत कार्यप्रगतिको समीक्षा गर्दै हरेक जिल्लालाई आवश्यक निर्देशन दिने निर्णय गरेको छ ।

३. अधिवेशन नभएका गाउँपालिका/नगरपालिकामा केन्द्रीय सदस्यसहित अन्य पदाधिकारीहरूलाई सीधै परिचालन गर्ने निर्णय गरेको छ। सोको लागि विस्तृत निर्देश दिने र समन्वय गर्ने कार्य केन्द्रीय सचिवालयले गर्नेछ। निर्वाचन क्षेत्र समितिहरू केन्द्रिय कार्यकारिणी समितिले जारी गरेको निर्देशिका अनुसार सो समितिको निगरानी र निर्देशनमा मात्रै सम्पन्न गरिनेछ ।

४. हरेक जिल्लाहरूमा जनमत पार्टीले विभिन्न तहलाई अधिवेशन सम्पन्न गरेको आधारमा विभिन्न प्रचारात्मक तथा जनमुखी कार्यक्रम गर्न निर्देश दिने निर्णय गरेको छ। त्यस अन्तर्गत ठाउँ-ठाउँमा प्रोजेक्टरको माध्यमबाट 'डा. सी. के. राउत-आत्मकथा' विडियो प्रदर्शन गर्ने, मतदाता दर्ता अभियान चलाउने, नमूना मतपत्र लिएर घरदैलो कार्यक्रम गर्ने, टोलटोलमा सरसफाई कार्यक्रम गर्ने जस्ता कार्यक्रमहरू संचालन गर्ने निर्णय गरेको छ।

यसका साथै हरेक सहभागीले कार्यक्रम आयोजन खर्चको लागि रू १०००/- स्वेच्छिक सहयोग गरेकोमा तथा कार्यक्रमलाई शान्तिपूर्ण तरीकाले सफल बनाउन सहयोग गरेकोमा धन्यवाद ज्ञापन समेत गर्दछौं ।

## सडक परियोजनाको समीक्षा

काठमाडौं । नेपालको तराई क्षेत्रको सडक पूर्वाधारको सुदृढीकरण सम्बन्धमा चौथौं संयुक्त परियोजना अनुगमन समितिको बैठक भिडियो कन्फरेन्समार्फत सम्पन्न भएको छ । भारतका विदेश मन्त्रालयका उत्तरी महाशाखाका सहसचिव अनुराग श्रीवास्तव र नेपालका भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव केशव कुमार शर्माको सह-अध्यक्षतामा उक्त बैठकको आयोजना गरिएको थियो । उक्त बैठकले भारत सरकारको आर्थिक सहयोगमा नेपालमा निर्माण भइरहेको तराई सडक परियोजनाको समग्र कार्यान्वयनको समीक्षा गरेको थियो ।१४ वटा सडक प्याकेजहरुमध्ये १३ वटा निर्माण सम्पन्न भइसकेकोले बैठकले परियोजनाले हासिल गरेको उपलब्धि उपर सन्तुष्टि व्यक्त गरेको थियो । दुवै पक्षले कोभिड महामारीले निम्त्याएको चुनौतीका बाबजुद पनि परियोजना सफलताका साथ अघि बढेको र निर्माण कार्यको अन्तिम चरणमा रहेको बताए ।

नेपालको तराई क्षेत्रमा कूल ३०६ किलोमिटर लम्बाई रहेको १० वटा सडकहरु ( १४ वटा प्याकेज/ठेक्कामा विभाजित) को निर्माण हेतु भारत सरकारले सन् २०१६ मा नेरु. ८०० करोड आर्थिक सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको थियो । यी सडकहरुले पूर्व-पश्चिम राजमार्गलाई भारतीय सीमासँग जोड्नुका साथै दुई देशका जनताको आवतजावतलाई सहज बनाउन मद्दत गर्नेछ । २०७७ चैत्र १८ गतेका दिन माननीय नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्री र नेपालका लागि भारतका राजदूतले संयुक्त रुपमा १४ मध्ये १३ वटा सडक प्याकेज नेपाली जनतालाई हस्तान्तरण गरिसकिएको दुवै पक्षले उल्लेख गरे ।

बैठकमा नेपाली पक्षले भारत सरकारले नेपालमा सडक सञ्जाल लगायतका पूर्वाधार विकासमा पुऱ्याएको निरन्तर सहयोगको सराहना गर्यो । भारत सरकारले पनि दुई देशबीच सम्पर्क बढाउन नेपाल सरकारसँग परिणाममुखी सहकार्य गर्न पाउँदा हर्ष व्यक्त गर्यो । बैठक सौहार्द वातावरणमा सम्पन्न भयो । समितिको अर्को बैठक दुवै पक्षलाई पायक पर्ने मितिमा आवश्यकता अनुरुप गर्ने सहमति भयो ।

## साना व्यवसाय चलाउँदै किशोरी

राजविराज । उमेर रहँदा विद्यालयको पढाईबाट बंचित रहनुका साथै जन्मदर्ता विहीनताको अवस्थामा रहेकी रिंकु सदाको जीवन फेरिएको छ । गाउँमै खाजा पसल संचालन गर्न थालेपछि मंजुश्री सहकारी संस्थामा उनले खाता समेत खोलेकी छिन् । सप्तरी जिल्लामा मुसहर समूदायमा रहेकी १५ देखि १८ बर्ष उमेरकी ९ सय ९६ किशोरीमा परिवर्तन देखिन थालेको छ । जीवन उपयोगी सीप र बित्तिय साक्षरताको कक्षामा समावेश भई साना व्यवसायमा हात हाल्ने किशोरीमध्येकै एक रिंकु पनि हो । उनको घर अग्निसाईर कृष्णासवरन गाउँपालिका ५ भिमारटोलमा छ ।

रिंकुले दैनिक बढीमा १५ सय रुपैया बराबरको खाजा आफ्नो पसलबाट बेच्ने गरेको बताइन् । व्यवसाय गर्न चाहनेहरुलाई सिकाई केन्द्र संचालन गर्ने सहयोगी हातहरुको समूह( साहस नेपाल)ले आवश्यक समानहरु उपलब्ध गराउने गरेको परियोजनाको वित्तय सहजकर्ता सरिताकुमारी चौधरीले बताइन् । किशोरीहरु मध्ये धेरैले हाँस पालन, मो:मो चाउमिन खाजा पसल, किराना पसल, तरकारी पसल तथा अण्डा बिक्री केन्द्र संचालन गरिरहेकी छिन् । व्यवसाय संचालनका लागि किशोरीलाई थप व्यवसायिक तालिमहरु दिइएको छ । व्यवसाय संचालन गर्ने अधिकांश किशोरीहरुको बचत गर्ने खाता सहकारी संस्थाहरुमा खोलिएको छ । बित्तिय कारोबारमा जोडिएकी यी किशोरीहरु आफ्नो परिवारकी पहिलो व्यक्ति हुन । अधिकांश मुसहर समूदाय बित्तिय कारोबार भन्दा बाहिर छन् अर्थात कुनै पनि बैंकमा उनीहरुको खाता छैन । सार्वजनिक जग्गामा छाप्रो बनाएर जीवनयापन गर्ने गर्ने यी समूदायलाई राज्यले अहिलेसम्म जग्गा उपलब्ध गराएको छैन । यस समूदायमा शिक्षाको अभाव टार्न र बालबिबाहको समस्या समाधान गर्न साना व्यवसायमा किशोरीहरुको सहभागिताले केही मद्दत पुगेको सहास नेपालका जिल्ला संयोजक रमेश कुमार साहल बताए । उनले स्ट्रीट चाइल्ड अफ नेपालको साझेदारीमा मार्जिनलाइज्ड नो मोर परियोजना अन्तर्गत सप्तरी जिल्लाभित्र ९८ वटा सिकाई केन्द्र संचालनमा रहेको जानकारी दिए ।


- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
इमेल : malcprovince2@gmail.com


## संक्षिप्त समाचार

### पर्सामा सशस्त्र प्रहरीका सात बिओपी भवन

वीरगञ्ज । नेपाल-भारतसँग सिमाना जोडिएका पर्सा जिल्लाका सात स्थानमा सशस्त्र प्रहरीका बोर्डर आउटपोष्ट (बिओपी) भवन निर्माण भएको छ । सङ्घीय सरकारको लगानीमा प्रतिबोर्डर आउट पोष्ट करीब रु. एक करोडको लागतमा भवन निर्माण भएको सशस्त्र प्रहरी बल नेपाल नं १३ हेडक्वार्टर प्रमुख एवं सशस्त्र प्रहरी उपरीक्षक राजेन्द्र खड्काले जानकारी दिए । भवन निर्माण भएका स्थान पर्साको आसबारी, ठोरी, ब्रह्मनगर, सुवर्णपुर, भिस्वा, पकाहामैनपुर र अमरपट्टि बोर्डर आउट पोष्ट रहेका छन् । उक्त स्थानमा बोर्डर आउट पोष्टका भवन निमार्णपछि सीमा क्षेत्रमा हुने चोरी, तस्करी, अवैध व्यापार नियन्त्रण तथा सीमा सुरक्षामा थप सजिलो हुने अपेक्षा गरिएको सशस्त्र प्रहरी उपरीक्षक खड्काले जानकारी दिए । जिल्लामा कूल १८ बिओपीमध्ये अझै पनि १० बिओपी अन्यको भवनमा सञ्चालनमा छन् ।

### सवारी दुर्घटनामा मोरङमा दुई जना पक्राउ

विराटनगर । जिल्लाको छुट्टाछुट्टै स्थानमा भएको सवारी दुर्घटनामा दुई जनाको मृत्यु भएको छ । बुढीगंगा गाउँपालिका-३ पाईनियर फ्याक्ट्री अगाडि सडकमा बा.११ च १५७१ नम्बरको कार आफै अनियन्त्रित भई बिजुलीको पोलमा ठक्कर खाई बिहीबार बिहान दुर्घटना हुँदा कारमा सवार सोही ठाउँ बस्ने ३० वर्षीया चन्द्रकला राईको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएकी उनको बिराट मेडिकल कलेज गंगाचोकमा उपचारको क्रममा मृत्यु भएको हो । साथै घाइते भएका कारमा सवार अन्य २ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । कार चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यसैगरी, विराटगर महानगरपालिका-१२ स्थित भित्री सडकमा को.२१ प ५६१२ नम्बरको स्कुटर आफै अनियन्त्रित भई बिहीबार राति दुर्घटना हुँदा चालक सोही महानगरपालिका-१ बस्ने ४२ वर्षीय रंजित कुमार शर्माको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको कोशी अस्पताल विराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो ।

### मोटरसाइकल चोरी गर्ने पक्राउ

रौतहट । यमुनामाई गाउँपालिका-५ बस्ने १९ वर्षीय रुपक झालाई चोरी गरेर ल्याउँदै गरेको ना.५२ प १५९८ नम्बरको मोटरसाइकल सहित शुक्रबार बिहान प्रहरीले पक्राउ गरेको छ । गौर नगरपालिका-३ विपी चोकमा जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको प्रहरीले उनलाई सोही ठाउँस्थित टिकुलीया पेट्रोल पम्प नजिकबाट चोरी गरी ल्याउदै गरेको अवस्थामा उक्त मोटरसाइकल सहित फेला पारी पक्राउ गरेको हो ।

### बाँकेमा करेन्ट लागेर एक किशोरीको मृत्यु

बाँके । बैजनाथ गाउँपालिका-१ गाभर बस्ने १८ वर्षीया माया थापाको करेन्ट लागेर सोमबार बिहान मृत्यु भएको छ । सोही ठाउँस्थित होमस्टे जाने सडक नजिक खेतबारीमा घाँस काट्न गएको अवस्थामा बँदेल भगाउन राखेको नाङ्गो तारमा परेर करेन्ट लाग्दा उनको मृत्यु भएको हो ।

### विभिन्नि किसिमका औषधी बरामद

कपिलवस्तु । सशस्त्र प्रहरीले कपिलवस्तु जिल्लाको शुद्धोधन गाउँपालिका ५ स्थित गनौरिया बगैंचाबाट असोज ४ गते करीव १ लाख ३६ हजार रुपैयाँ बराबरको विभिन्न किसिमका औषधी बरामद गरेको छ । भारतबाट अवैध रुपले ल्याउँदै गरेका उक्त औषधी सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट हथिहवाबाट खटिएको सशस्त्र प्रहरीले बरामद गरेको हो । बरामद औषधी भन्सार कार्यलय सुठौलीमा बुझाईएको छ ।

### लत्ताकपडा तथा किराना सामान बरामद

कपिलवस्तु । जिल्लाको कृष्णनगर नगरपालिका १ स्थित सेमरीबाट सशस्त्र प्रहरीले करीव १ लाख ८० हजार रुपैयाँ बराबरको चोरीपैठारीको लत्ताकपडा बरामद गरेको छ । भन्सार छली अवैध रुपले ल्याउँदै गरेको उक्त लत्ताकपडा सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट कृष्णनगरबाट खटिएको सशस्त्र प्रहरीले बरामद गरेको हो । बरामद लत्ताकपडा भन्सार कार्यालय कृष्णननगरमा बुझाईएको छ ।

### ४० किलो चाँदी जस्तो देखिने धातुसहित पक्राउ

रौतहट । गौर नगरपालिका-४ स्थित गौर बसपार्कबाट ४० किलो चाँदी जस्तो देखिने धातु सहित सर्लाही मलंगवा नगरपालिका-२ बस्ने ३५ वर्षीय बिद्यानन्द साह सोनारलाई प्रहरीले पक्राउ गरेको छ । काठमाडौं गौर चल्ने ज्वाला रात्री सेवा बसबाट झरेर पैदल हिँडिरहेका उनलाई अस्थाई प्रहरी पोष्ट बसपार्कबाट खटिएको प्रहरीले शंका लागि जाँच गर्ने क्रममा उनको साथबाट उक्त धातु फेला पारी उनलाई पक्राउ गरेको हो । उनलाई बरामद धातु सहित आवश्यक कारवाहीका लागि राजस्व कार्यालय पथलैया बारा पठाइएको छ ।

### कपडाहरूसहित दुई जना पक्राउ

रुपन्देही । सिद्धार्थनगर नगरपालिका-१ बेलहियाबाट भन्सार छली ल्याएका करिब ४ लाख रुपैयाँ मूल्य बराबरका सुट सेट, साडी लगायत विभिन्न कपडाहरु सहित भारत घर भएका २ जना १६ वर्षीय किशोरहरूलाई बुधबार बिहान प्रहरीले पक्राउ गरेको छ । भन्सार छली ल्याएका कपडाहरू सोही ठाउँस्थित घरमा राखेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय रुपन्देहीबाट खटिएको प्रहरीले जाँच गर्नेक्रममा उक्त कपडाहरू फेला पारी उनीहरूलाई पक्राउ गरेको हो । बरामद सामान सहित उनीहरूलाई भन्सार कार्यालय सुनौलीमा पठाइएको छ ।

### भन्सार छली ल्याइएका सामान बरामद

बाँके । नेपालगंज उपमहानगरपालिका-१४ बाट अवैध रुपमा भन्सार छली चोरी पैठारी गरी ल्याएका करिब २ लाख ८६ हजार ७ सय ५० रूपैयाँ मूल्य बराबरका कपडा, चिनी र हार्डवेयर लगायतका सामानहरू सोमबार साँझ प्रहरीले बरामद गरेको छ । बरामद सामान आवश्यक कारवाहीको लागि भन्सार कार्यालय नेपालगंजमा पठाएको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ ।

### पेस्तोल र गोलीसहित एक जना पक्राउ

रौतहट । दुर्गाभगवती गाउँपालिका-२ भलुईया बस्ने २४ वर्षीय संजय साह सोनारलाई १ थान कटुवा पेस्तोल र सोही पेस्तोलमा लाग्ने २ थान गोली सहित बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय रौतहट र ईलाका प्रहरी कार्यालय गंगापिपराबाट खटिएको प्रहरीले घर तलासी गर्ने क्रममा उक्त हतियार फेला पारी उनलाई पक्राउ गरेको हो ।

### सशस्त्र प्रहरीद्वारा सामान बरामद

कैलाली । सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट कालाकुण्डाबाट खटिएको सशस्त्र प्रहरीले करीव १ लाख ६३ हजार रुपैयाँ बराबरको चोरीपैठारीको लत्ताकपडा बरामद गरेको छ । भारतबाट अवैध रुपले ल्याउँदै गरेको उक्त लत्ताकपडा सशस्त्र प्रहरीले कैलाली जिल्लाको टिकापुर नगरपालिका ७ पतिपुर सोनाफाटा ईलाकाबाट बरामद गरेको हो ।

### चोरीपैठारीको लत्ताकपडा बरामद

पर्सा। जिल्लाको विरगंज महानगरपालिका १९ स्थित सीमा ईलाकाबाट सशस्त्र प्रहरीले करीव ५ लाख रुपैयाँ बराबरको चोरीपैठारीको लत्ताकपडा बरामद गरेको छ। भारतबाट अबैध रुपले ४ वटा अटोमा राखेर ल्याउँदै गरेको उक्त लत्ताकपडा सशस्त्र प्रहरी बल नेपाल नम्बर २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीबाट खटिएको सशस्त्र प्रहरीलाई देख्नासाथै उक्त सामान ल्याउने व्यक्ति सो लत्ताकपडा तथा अटो सोही ठाउँमा छाडी फरार भएका थिए । बरामद लत्ताकपडा तथा अटो भन्सार कार्यालय विरगंजमा बुझाइएको छ। बरामद अटोको भन्सार दाखिला मुल्य ७ लाख रुपैयाँ रहेको छ।

### तलाउमा वृद्ध मृत फेला

बाँके । डुडुवा गाउँपालिका-१ खडैचा बस्ने ८५ वर्षीय नन्कौ अहिर राप्तीसोनारी गाउँपालिका-६ भुरीडाँडा जंगलको भैंसीखोलाको पानी जमेको तलाऊमा मंगलबार मृत अवस्थामा फेला परेका छन्। मालपोत कार्यालय नेपालगंज बाँकेमा जान्छु भनि घरबाट हिंडेका उनी सम्पर्कमा नआएपछि उनको खोजी गर्ने क्रममा उक्त तलाऊमा शव फेला परेको हो।

### नदीमा पुरुष मृत फेला

कैलाली । जानकी गाउँपालिका-९ शिवशक्ति सामुदायिक वन पछाडि कर्णाली नदीको किनारमा एक पुरुष मृत फेला परेका छन्। करिब ४५ वर्षीय पुरुष सोमबार मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

17-24, Madheshvani, Ashoj-8, 2078.pmd 5 9/24/2021, 12:06 PM

## नेपाल-भारत साहित्य महोत्सव काठमाडौँमा हुने

काठमाडौं । नेपाल-भारत साहित्य यात्राको दोस्रो संस्करणको रुपमा त्रिदीवसीय नेपाल-भारत साहित्य दोस्रो महोत्सव २०२२ काठमाडौंमा हुने भएको छ । मेरठ लिटरेचर फेस्टिभल (क्रान्तिधरा मेरठ साहित्यिक महाकुम्भ) आयोजक समितिका अध्यक्ष डा. विजय पण्डितको उपस्थितिमा महोत्सवका संयोजक साहित्यकार राधेश्याम लेकालीको सभापतित्वमा काठमाडौंमा भएको छलफलमा उक्त निर्णय भएको हो । परिस्थिति अनुकूल भएमा आगामी फेब्रुअरी २६-२८ मा उक्त कार्यक्रम गर्ने निर्णयसमेत भएको छ । नेपाल-भारतबीचको सम्बन्धलाई भाषा साहित्यका माध्यमबाट अझ सुदृढ बनाउने उद्देश्यले शुरु भएको यो यात्रा पहिलो पटक वीरगन्जमा भएको थियो । महोत्सवको रूपमा हुने सो कार्यक्रम अन्तर्गत पुस्तक प्रदर्शनी, साहित्यिक परिचर्चा, पुस्तक विमोचन, वरिष्ठ लेखक एवम् संस्कृतिकर्मीसंग साक्षात्कार, लघुकथा वाचन, अनुवाद सत्र, सांस्कृतिक कार्यक्रम, कवि सम्मेलन, स्मारिका प्रकाशन, सम्मान समारोह लगायत हुनेछन् । सम्मेलनमा भारतबाट १५० जना साहित्यकारहरूको सहभागिता हुनेछ । साथै नेपालबाट साते प्रदेशको प्रतिनिधित्व हुनेछ ।

## पर्यटन प्रवर्द्धन गर्न समझदारी

काठमाडौं । पर्यटन प्रवर्द्धन गर्न गण्डकी प्रदेश र प्रदेश २ बीच अन्तरप्रदेश समझदारी भएको छ । समझदारीमा पर्यटकीय गन्तव्यको पहिचान, सम्वर्द्धन र प्रचारप्रसार बढाउने, दुवै प्रदेशबीच सीधा हवाई सेवाको निरन्तरताका साथै जनकपुर-पोखराको हवाई सेवा विस्तारमा जोड दिइने छ । त्यस्तै धार्मिक, सांस्कृतिक, पुरातात्विक संस्कृतिको आदानप्रदानका साथै साहसिक खेल पर्यटनका सम्भावना बढाउने, जानकी मन्दिरदेखि त्रिवेणीधाम हुँदै मुक्तिनाथसम्मको धार्मिक पर्यटकीय सर्किटको प्रवर्द्धनमा जोड दिने र दुवै प्रदेशका सहकार्यका क्षेत्र पहिचान गरी कार्यान्वयनमा ल्याउने समझदारीमा उल्लेख छ । नेपाल एसोसियसन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) गण्डकी प्रदेश र नाट्टा प्रदेश २ को संयोजन एवं गण्डकी प्रदेश सरकारको निमन्त्रणामा पोखरा भ्रमणमा रहेका प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउत र गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलको उपस्थितिमा सो समझदारी भएको हो ।

## विपद व्यवस्थापनलाई राहत हस्तान्तरण

नवलपरासी । भारत सरकारद्वारा प्राप्त राहत सामग्री नवलपरासी जिल्ला विपद व्यवस्थापन समितीलाई हस्तान्तरण गरिएको छ । शनिबार आयोजित एक कार्यक्रमको बिच नेपाल भारत महिला मैत्री समाजकि अध्यक्ष चन्दा चौधरीको हातबाट राहत सामग्री हस्तान्तरण गरिएको हो । भारत सरकारले प्रदान गरेको राहत जिल्लामा बाढी पहिरो चपेटामा परेका पीडितलाई सहयोग हेतु महिला मैत्री समाजले हस्तान्तरण गरेको हो । करिव ९० परिवारलाई पुग्ने अस्थायी टेन्ट लगायतका सामग्री नवलपरासी जिल्ला प्रशासन प्रमुख धर्मेन्द्र मिश्र मार्फत जिल्ला बिपद ब्यबस्थापन समितीलाई महिला मैत्री समाजकि अध्यक्ष तथा कार्यक्रमका प्रमुख अतिथी सांसद चौधरिले हस्तान्तरण गरेकी हुन ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथी सासंद चन्दा चौधरीले राहत बितरणमा राजनिती गर्न नहुने भन्दै सेवा भावले जात धर्म समुदाय भन्दा माथी उठेर पिडामा परेकालाई आफ्नो प्रयासमा भारत सरकारले सहयोग गरेको बताइन । पीडितको कुनै जात धर्म हुँदैन, मानबिय हिसावले सेवा गर्नुपर्छ, उनले भने । अगामी दिनमा अझै आफनो बलबुता र प्रयासले भ्याए सम्म थप आबश्यक सहयोग गर्ने प्रतिबद्धता ब्यक्त गरिन ।

नवलपरासी जिल्लाका सिडियो धर्मेन्द्र मिश्रले राहत सामग्री सहयोगका लागि भारत सरकार र मैत्री समाजलाई संयोजनका लागि धन्यवाद दिदै बास्तबिक पिडिटको हातमा राहत पुरयाउने प्रतिबद्धता ब्यक्त गरे ।

नवलपरासी जिल्ला यो बर्ष सबैभन्दा बढी बाढी पहिरोको चपेटामा परेको भन्दै राहत बितरणमा सबै पक्षलाई सहयोग गर्न आह्वान समेत गरे । पछिल्लो बाढी पहिरो पीडितको बास्तबिक तथ्यांक यकिन गर्न नसकेको भन्दै सबैतिर राहत बितरण गर्न नसकेको चिन्ता समेत उनले ब्यक्त गरे । संस्थाले राहत स्वरुप टेण्ट, त्रीपाल, प्लास्टिकको गुन्द्री लगायत सामग्री करिव ९० परिवारलाई पुग्ने गरि प्रदान गरेको संस्थाकि अध्यक्ष चौधरीले जानकारी गराइन । कार्यक्रममा जिल्ला समन्वय समितिका सभापती, स्थानीय राजनीतिक दलका प्रतिनिधि, स्थानीय तहका प्रमुख, नागरिक समाज, प्रत्रकार संगै जिल्ला सुरक्षा निकायका प्रमुखहरुको उपस्थिति रहएको थियो ।

## १० लाख डोज असोजभित्रै : स्वास्थ्य राज्यमन्त्री

काठमाडौं । स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री उमेश श्रेष्ठले भारतबाट १० लाख कोभिसिल्ड थप खोप असोज महिनाभित्रै आउने बताएका छन् । यस अघि सरकारले भारतको सेरम कम्पनीबाट खरिद गरेको तर आउन बाँकी रहेको १० लाख कोभिसिल्ड खोप असोज महिनाभित्रै आउने राज्य मन्त्री श्रेष्ठले बताए । स्वाथ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग व्यवस्थापन महाशाखा अन्तर्गत आपूर्ती शाखा प्रमुख उपेन्द्र ढुङ्गानाले पनि उक्त खोप छिट्टै आउने खबर आएको जानकारी दिए । यसअघि गत ५ फागुनमा सेरमसँग प्रतिडोज ४ डलरको दरमा अग्रिम भुक्तानी गरी थप २० लाख डोज कोभिसिल्ड खरीद गर्ने सम्झौता गरेको थियो । सो सम्झौता अनुसार १० लाख डोज त्यतिबेला नै आएको थियो ।

त्यसबेला भारतमा कोरोना संक्रमण तीव्र गतिमा बढेपछि त्यहाँको उच्च अदालतले आफ्ना नागरिकलाई खोप लगाउने सुनिश्चित गरेपछि मात्रै अन्य देशमा निर्यात गर्नु भनेर सरकारको नाममा आदेश दिएपछि भारत सरकारले खोप निर्यातमा प्रतिवन्ध लगाएको थियो ।

४४ लाख कोरोनाविरुद्धको खोप आइसकेको राज्य मन्त्री श्रेष्ठले अब १० दिन खोप वितरण गर्ने सरकारको योजना रहेको पनि बताए ।

संघीय संसद बैठकपछि सोमबार सञ्चारकर्मीहरूसँग कुरा गर्दै राज्यमन्त्री श्रेष्ठले ४४ लाख कोरोनाविरुद्धको खोप आइसकेकोले १० दिन खोप वितरण गर्ने सरकारको योजना रहेको बताए ।

उनले खोप लगाउन छुटेका विभिन्न क्षेत्रका १८ वर्षमाथिका उमेर समूहलाई खोप व्यवस्था गरिने समेत बताए । उनले भने, '४४ लाख खोप आइसकेको छ । अहिलेसम्म १ करोड ७७ लाख खोप आएको छ ।

अहिले १० दिन खोप वितरण गर्ने योजना बताउँदै उनले जसमध्ये १८ वर्षमाथिका छुटेका विभिन्न सेक्टरमा लागेका सबैलाई खोप दिने व्यवस्था गर्न लागिएको पनि जानकारी दिए । राज्यमन्त्री श्रेष्ठले उत्तरी भेगका १३ वटा जिल्लामा पूर्णरुपमा खोप लगाउने व्यवस्था गर्न लागेको बताए ।


पशु सेवा विभाग

**राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय**

**हरिहरभवन, ललितपुरको अनुरोध**

- ➢ पशु नश्ल सुधारका माध्यमबाट पशुजन्य पदार्थको उत्पादन एवं उत्पादकत्व बढाई खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गरौं ।
- ➢ घाँसमा आधारित पशु पालन गरी उत्पादन लागत घटाई खुद नाफा बढाऔं ।
- ➢ स्वस्थ्य तथा स्वच्छ पशुजन्य पदार्थ उत्पादनका लागि आफ्नो फार्ममा असल पशुपालन अभ्यास (Good Husbandry Practices) र असल उत्पादन अभ्यास (Good manufacturing Practices) को अवलम्बन गरौं ।
- ➢ रैथाने तथा लोपोन्मुख पशुपन्छीहरुको संरक्षण संवर्द्धन र सदुपयोग गरौं ।
- ➢ अनुत्पादक पशु वस्तुहरुलाई सडक तथा सार्वजनिक स्थानहरुमा छाडा नछाडौं ।
- ➢ आफ्नो पशुपन्छीहरुलाई नियमित रुपमा परजिवी नियन्त्रण गरौं तथा विभिन्न संक्रामक रोग विरुद्ध खोप लगाऔं ।

विस्तृत जानकारीको लागि सम्पर्क

फोन : ०१-५५२२०३१

इमेल : info@nlrmpo.gov.np


# हार्दिक श्रद्धाञ्जली



जन्म : वि.सं. २०१६

स्वर्गारोहण : वि.सं. २०७८ असोज ३ गते

**स्व. श्रीमती रमा मिश्र**

अग्रज पत्रकार तथा विश्वदीप साप्ताहिकका सम्पादक श्री राजेश मिश्रकी धर्मपत्नी **श्रीमती रमा मिश्र**को असामयिक निधनले हामी अत्यन्तै मर्माहत भएका छौं । यस शोकाकूल घडीमा शोक सन्तप्त परिवारजनमा पर्न गएको अकल्पनीय पीडा सहन गर्ने र धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

मधेशवाणी The Voice of Madhesh परिवार


**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

- ० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- ० अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- ० खोक्दा र हाछ्यूँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- ० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- ० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- ० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ० ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- ० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**

**नगरप्रमुख**

**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**



**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

- ० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- ० अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- ० खोक्दा र हाछ्यूँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- ० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- ० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- ० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ० ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- ० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**हरिप्रसाद मण्डल**

**नगरप्रमुख**

**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

## विश्व परिवेश

# अन्य देशहरुमा खोप आपूर्ति सुचारु गर्न सक्षम हुनेछौं : मोदी



काठमाडौं । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले खोप प्रमाणीकरणमा आपसी मान्यताबाट अन्तर्राष्ट्रिय यात्रा सहज बनाउनुपर्ने बताउनुभएको छ।

यसो गर्न सकेमा कोविड १९ महामारीले प्रस्तुत गरेको चुनौती को सम्बोधन गर्न सहज हुन सक्ने प्रधानमन्त्री मोदीको भनाइ थियो। अमेरिकी राष्ट्रपति जो बिडेन ले बोलाउनु भएको विश्वव्यापी कोविड १९ शिखर सम्मेलनमा प्रधानमन्त्री मोदीले सो उल्लेख गर्नुभएको थियो।

कोभिड -१९ महामारी एक अभूतपूर्व अवरोध भएको र यो महामारी अझै समाप्त भइनसकेको उनले बताउनुभयो। विश्वका अधिकांश व्यक्ति ले अझै पनि खोप नलगाएको वहाँ ले जिकिर गर्नुभयो। कार्यक्रममा बोल्दै उनले महामारीको अन्त्य गर्न भारत विश्वसँग मिलेर काम गर्न तयार रहेको पनि उल्लेख गर्नुभयो।

प्रधानमन्त्री मोदीले भारत चाँडै अन्य देशहरुमा खोप आपूर्ति सुचारु गर्न सक्षम हुने बताउनुभयो।

भारत हाल नयाँ भारतीय खोपहरुको बिकास गर्न लागिपरेको छ यसका साथै भारतले विद्यमान खोपको उत्पादन क्षमता पनि बढाएको उनले बताउनुभयो।

प्रधानमन्त्री मोदीले भन्नुभयो, "हाम्रो उत्पादन बढ्ने बित्तिकै, हामी अरुलाई पनि खोप आपूर्ति सुचारु गर्न सक्षम हुनेछौं। यसको लागी, कच्चा माल को आपूर्ति श्रृंखला सहज बनाउनु पर्छ।"

" हिन्द प्रशान्त क्षेत्रमा प्रशस्त खोप आपूर्ति गर्न का निम्ति भारत क्वाड साझेदारहरु संग सहकार्य गरिरहेको छ।"

भारत र दक्षिण अफ्रिकाले कोभिड खोप, निदान र औषधि को लागी डब्ल्यूटीओ मा ट्रिप्स छुट को प्रस्ताव राखेको पनि उनले औंल्याउनुभयो।

"यसले महामारी बिरूद्धको लडाई अझ बढी सक्षम हुनेछ।" भारतीय प्रधानमन्त्रीले भन्नुभयो।

'भारतले विश्वको सबैभन्दा ठूलो खोप अभियान सञ्चालन गरिरहेको छ'

प्रधानमन्त्री मोदीले भारतले विश्वको सबैभन्दा ठूलो खोप अभियान सञ्चालन गरिरहेको बताउनुभयो।

"भर्खरै, हामीले एकै दिनमा करिब साडे २ करोड मानिसलाई खोप लगाएका थियौं। हाम्रो तल्लो तहको स्वास्थ्य सेवा प्रणालीले अहिले सम्म ८० करोड भन्दा धेरैलाई खोप लगाएको छ।"

२० करोड भन्दा बढी भारतीय नागरिकले पूर्ण रुपमा खोप लगाएको उल्लेख गर्दै प्रधानमन्त्री मोदीले यो सबै उपलब्धि कोविन डिजिटल मञ्च को माध्यमबाट हासिल भएको बताउनुभयो।

साझेदारी अभिवृद्धि गर्न भारतले कोविन लगायत अन्य डिजिटल समाधानहरु लाई खुला स्रोत सफ्टवेयर को रूप मा स्वतन्त्र रूपमा उपलब्ध गराएको उनले बताउनुभयो।

यस बर्षको शुरुवात मा भारत महामारीको दोस्रो लहर बाट गुज्रिदा भारतलाई प्रदान गरिएको एकता र समर्थनका लागि प्रधानमन्त्री मोदीले सबैलाई धन्यवाद दिनुभयो।

यसका साथै उनले भारतले १ सय ५० भन्दा बढी देशहरु संग औषधि र चिकित्सा आपूर्ति साझा गरेको पनि औंल्याउनुभयो।

"भारतको औषधि उद्योगले लागत प्रभावी नैदानिक उपकरण, औषधि, चिकित्सा उपकरण, र पीपीई किट उत्पादन गरेको छ। यसले गर्दा धेरै विकासशील देशहरुले सस्तो विकल्प प्राप्त गरेका छन्।"

संसारको पहिलो डीएनए आधारित खोप सहित दुई स्वदेशी निर्मित खोपहरुले भारत मा "आपतकालीन उपयोग" का लागि मान्यता प्राप्त गरेका छन्।

धेरै भारतीय कम्पनीहरु पनि विभिन्न खोपहरु को इजाजतपत्र उत्पादन मा संलग्न छन्।

"यस बर्षको सुरुमा, हामीले हाम्रो खोप उत्पादन अन्य ९५ देशहरु र संयुक्त राष्ट्र शान्ति सुरक्षाकर्मीहरु संग साझा गरेका थियौं। भारत महामारी को दोस्रो लहर विरुद्ध लडिरहँदा सम्पूर्ण संसार भारत सँग एक परिवार को रुपमा उभिएको थियो।" प्रधानमन्त्रीले भन्नुभयो।

*-इण्डिया न्यूज नेटवर्क*

# बेलायतद्वारा कोभिशिल्डलाई मान्यता

भारतमा व्यापक आलोचना भएपछि बुधबार बेलायत ले अक्सफोर्ड को एस्ट्राजेनेका बाट इजाजतपत्र प्राप्त कोविशिल्ड खोपले मान्यता पाउने बताएको छ। मंगलबार न्यु योर्कमा भएको बैठकमा विदेशमन्त्री एस जयशंकरले बेलायती विदेश सचिव लिज ट्रस समक्ष यो मुद्दालाई कडा रुपमा प्रस्तुत गरेका थिए। यसको एक दिन पछि यो घोषणा भएको हो।

उनले "पारस्परिक हित" का लागि क्वारेन्टाइन मुद्दा को शीघ्र समाधान को लागी पनि आग्रह गरेका थिए।

यध्यपी कोविशिल्ड खोप को दुवै खुराक प्राप्त गरेका भारतीय क्वारेन्टाइन मा बस्नुपर्ने वा नपर्ने बारे भने केही खुलाइएको छैन। संशोधित बेलायती यात्रा दिशानिर्देश पनि भारतको खोप प्रमाणीकरण मा मौन बसेको छ। भारत स्थित ब्रिटिश उच्चायोगले भने खोप प्रमाणिकरण पक्षमा काम गरिरहेको बताएको छ।

अक्सफोर्ड/एस्ट्राजेनेका, फाइजर बायोन्टेक, मोडेर्ना वा अष्ट्रेलिया को सार्वजनिक स्वास्थ्य संस्था बाट प्राप्त जेन्सेन खोप, एन्टिगुआ र बार्बुडा, बार्बाडोस, बहराइन, ब्रुनेई, क्यानडा, डोमिनिका, इजरायल, जापान, कुवेत, मलेसिया, न्यूजील्याण्ड, कतार, साउदी अरब, सिंगापुर, दक्षिण कोरिया, ताइवान वा संयुक्त अरब इमिरेट्स (यूएई) बाट खोप लगाएमा मात्र मान्यता प्रदान गर्ने संशोधित बेलायती यात्रा दिशानिर्देशले जनाएको छ। एस्ट्राजेनेका कोभिशिल्ड, एस्ट्राजेनेका भक्जेभ्रिया र मोडेर्ना टाकेडा जस्ता ४ सूचीबद्ध खोप पनि अनुमोदित खोप को रूप मा योग्य मानिने बेलायतद्वारा जारी संशोधित यात्रा दिशानिर्देश मा भनिएको छ।

बुधबार भारत स्थित बेलायती उच्चायोगले भन्यो, " एक प्रासंगिक सार्वजनिक स्वास्थ्य निकाय द्वारा खोप लगाईएका मानिसहरु लाई बेलायतमा खोप मान्यता प्रदान गर्न हामी भारत सरकार संग मिलेर काम गरिरहेका छौं।"

संशोधित यात्रा दिशानिर्देश बारे बताउँदै प्रवक्ताले भने, " व्यावहारिक रूपमा सकेसम्म चाँडो अन्तर्राष्ट्रिय यात्रा प्रतिबन्ध खोल्न बेलायत प्रतिबद्ध छ र यो घोषणा जनताको स्वास्थ्यको रक्षा गर्दै सुरक्षित र दिगो तरीकाले फेरि स्वतन्त्र रूपमा यात्रा गर्न सक्षम पार्न अर्को कदम हो।" जयशंकर र ट्रस बिच भएको छलफल बारे बताउँदै भारतीय विदेश सचिव हर्षवर्धन श्रृंगलाले बेलायतले यो समस्या चाँडै समाधान हुने आश्वासन दिएको बताएका थिए।

अक्टोबर ४ तारिख देखि लागु हुने नयाँ यात्रा नियम अनुसार भारतीय नागरिक ले एस्ट्राजेनेका को कोवोशिल्ड खोप को दुवै मात्रा लगाए पनि बेलायत मा भने भारतीय ले खोप नलगाएको नै मानिने छ। उनीहरुलाई १० दिन क्वारेन्टाइनमा राख्नु पर्ने नियम बनाइएको थियो।

*-इण्डिया न्यूज नेटवर्क*

# चीनले यसरी गर्दैछ नेपाली भूमीको अतिक्रमण

काठमाडौं । चीनले हुम्लामा नेपाली भूमि अतिक्रमण गरेको बलिया तथ्यहरु फेला परेका छन् । नयाँ सीमा स्तम्भ चीनले आफै राख्नेदेखि पुराना सीमा स्तम्भ पनि ढलेको भेटिएको छ ।

चीनले १२ नम्बर पिलर नयाँ बनाएर खडा गरेको भेटिएको छ । सीमा स्तम्भमै जोडेर तारबार र गेट राख्ने गतिविधिहरु पनि गरेको खुलेको छ । सीमा क्षेत्रमा नो म्यान्ड ल्यान्ड राखेर तारबार गर्ने प्रचलन छ । तर, सिधै सीमामा जोडेर तारबार लगाइएको छ । किट भन्ने स्थानको पिलर नम्बर ५ का दुईवटा पिलरमा चीनले तारबार राखेको देखिन्छ । पिलर नम्बर ५ (२) को स्तम्भ पनि नयाँ बनाएको भेटिएको छ ।

सीमामा तारबार पनि दुई देशको सहमतिमा नभई एकतर्फी लगाएको बुझिएको छ । लाप्चा भञ्ज्याङ, लिमीको टाकुल्ले क्षेत्र, गुप्पुदोचामा सीमा अतिक्रमण भएको तथ्य पत्ता लागेको छ । स्थानीयवासीले स्तम्भ रहेको क्षेत्र नेपालकै हो । स्थानीयवासीले १२ नम्बर जस्तै ५ नम्बर र अन्य स्तम्भ भएको ठाउँमा पनि अतिक्रमण भएको छ ।

लोलुजोङमा चीनले पूर्वाधार निर्माण गरेको छ । उसले त्यहाँ सुरक्षाकर्मी तैनाथ गरेको छ । स्थानीयवासीले सीमास्तम्भ विगतमा र अहिले फरक ठाउँमा राखिएको बताए । केही वर्ष अघि मात्र तारबार लोलुङजोङमा संरचना बनाएको बताए ।

यसैगरी सीमा अध्ययन टोली हिल्सा पुगेको छ । गत हप्ताबाट सीमा अध्ययनका लागि चीनसँगको सीमा क्षेत्रमा पुगेको टोली हिल्सातर्फ लागेको छ । गृह मन्त्रालयका सहसचिव जयनारायण आचार्यको संयोजकत्वमा दुई प्राविधिक, सशस्त्र र नेपाल प्रहरीका अधिकारीहरुसहित टोलीलाई स्थानीय र जनप्रतिनिधिले साथ दिइरहेका छन् ।


## सूचना

सडक हामी सबैको साझा सम्पत्ति हो । सडक निर्माणमा तपाई हाम्रो ठूलो धनराशी खर्च भएको हुन्छ । त्यसैले यसको संरक्षण, एवं सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो । निर्माण भैसकेको सडकका विभिन्न खण्डमा अनाधिकृत रुपमा सडक सीमा अतिक्रमण गरी घरटहरा निर्माण गर्ने, होडिङ्ग बोर्ड राख्ने, सडकमा सामग्री थुपार्ने, सवारीसाधन धने-पखाल्ने पाकिङ्ग गर्ने, सडकको नाली पुरी बाटो बनाउने तथा नालीमा ढल मिसाउने एवं फोहोरमैला फाल्नेजस्ता कार्यका कारण सडक संरचना, सवारी आवागमन तथा वरिपरिको वातावरणमा समेत प्रतिकूल असर हुनाले उपरोक्त कुनै पनि क्रियाकलापहरु नगर्न नगराउन हुन सम्बन्धित सबैसँग यस डिभिजन सडक कार्यालय हार्दिक अनुरोध गर्दछ ।

डिभिजन सडक कार्यालय
भक्तपुर

कुनै पनि क्षेत्रमा खोरेत रोग देखापरेमा तुरुन्त सम्बन्धित कार्यालयमा सूचित गर्न सबैलाई आव्हान गरिन्छ ।

नेपाल सरकार
खोरेत तथा सिमाविहीन पशुरोग अन्वेषण प्रयोगशाला
बुढानिलकण्ठ, काठमाडौं


## जिल्ला समाचार

### पीडित पुनः भेटघाट कार्यक्रम शुरूवात

मोरङ । जिल्ला प्रहरी कार्यालय मोरङ र मातहत प्रहरी ईकाई समेतले पीडित पुनः भेटघाट कार्यक्रम २०७८ को असोज १ गतेबाट सुरूवात गरेको छ । पीडक (कसुरदार) लाई कानून बमोजिमको दण्ड दिनु, समाजलाई अपराध र अपराधको भयबाट मुक्त राख्नु र पीडितलाई कानून बमोजिम उचित न्यायीक उपचार उपलब्ध गराउने उद्देश्यका साथ पीडित मैत्री वातावरण सिर्जना गर्दै, पीडक र निजको पक्षबाट पीडितलाई हुन सक्ने दवाव, प्रभाव तथा हस्तक्षेपलाई रोक्न, पीडितलाई सुरक्षित अनुभूति गराउन, पीडितको पिडा कम गर्दै आत्मबल अभिवृद्धि गर्न र पीडितलाई कानून बमोजिम सहयोग गर्नका लागि उक्त कार्यक्रमको सुरुवात गरिएको हो । कार्यक्रम सुरूवातको क्रममा २०४२ भदौ १८ गते भएको खुन डाँका मुद्दाका पीडितसँग जिल्ला प्रहरी कार्यालय मोरङका प्रमुख प्रहरी उपरीक्षक जनार्दन जिसी सहितको टोलीले भेटी पीडित पुनः भेटघाट कार्यक्रम शुरू गरिएको हो । उक्त घटनामा संलग्न रही फरार मोरङ कटहरी गाउँपालिका-७ तकिया बस्ने ८७ वर्षीय उजारू चौधरी थारू र सोही ठाउँ बस्ने ५० वर्षीय शिवना सरदार वातरलाई ३६ वर्ष पछाडि गत भदौ ९ गते पक्राउ गरी कानूनी कारवाही भएको जानकारी गराउँदा पीडितले न्याय पाएकोमा खुशी ब्यक्त गरे । साथै मातहत कार्यालयहरूबाट समेत अन्य स्थानका पीडितहरूलाई प्रहरी घरमै पुगेर प्रत्यक्ष भेटघाट गरी कानूनी परामर्श, प्रकृयाको जानकारी र पिडकलाई कानूनी कारवाही सम्बन्धमा जानकारी गराउँदा सबैले खुशी ब्यक्त गरेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

### बाढीपहिरो पीडितलाई राहत सामग्री वितरण

भैरहवा । भारत सरकारको सहयोगमा रुपन्देही जिल्लाका बाढी पहिरो पीडितलाई राहत बितरण गरिएको छ । शनिबार एक कार्यक्रमका बिच नेपाल भारत महिला मैत्री समाजको संयोजनमा रुपन्देही जिल्लाको समरीमाइ गाउँपालिका वडा न ५ का पिडितहरुलाई बितरण गरिएको हो । कार्यक्रममा बोल्दै नेपाल भारत महिला मैत्री समाजकि अध्यक्ष तथा माननीय चन्दा चौधरीले भारत सरकारले बिगत देखि नै नेपालमा आएको बिपदको बेला सहयोग गर्दै आएको बताइन् । उनले सहयोगको लागि भारत सरकारलाई धन्यवाद ब्यक्त गरिन् । राहत सामाग्री नेपाल ल्याउनका लागि नेपाल सरकारले कर निःशुल्क गरि दिएको हुनाले बितरण गर्न सजिलो भएको भन्दै नेपाल सरकार अर्थ मन्त्रालय र बिपद ब्यबस्थापन समिति गृह मन्त्रालयलाई धन्यवाद ब्यक्त गरिन् । करिव ४२ लाख बराबरको सामाग्री १४५ परिवारलाई अस्थायी बसोबासका लागि ठुलो, मझौला र साना टेन्ट लगायतका सामाग्री बितरण गरिएको छ, उनले बताइन् । त्यस्तै कार्यक्रममा बोल्दै पुर्वमन्त्री सर्बेन्द्रनाथ शुक्लले कसैले ध्यान नदिएको यस क्षेत्रमा भारत सरकारको सहयोगमा पीडितलाई लगाएको गुणको लागि भारत सरकार र संयोजन गरेको संस्था महिला मैत्री समाजलाई धन्यवाद दिए । कार्यक्रम स्थानीय रेडक्रस र लायन्स क्लब लुम्बिनी मर्चवारले सामग्री बितरणमा ब्यबस्थापन सहयोग गरेको थियो । कार्यक्रम स्थानीय जनप्रतिनिधि, पत्रकार, नागरिक समाज र स्थानीय युवाहरुको उपस्थिति रहेको थियो ।

### सञ्चार विधेयक फिर्ता लिन माग

बुटवल । नेपाल पत्रकार महासंघको टोलीले लुम्बिनी प्रदेशका मुख्यमन्त्री कुलप्रसाद केसीलाई भेटेर सञ्चार विधेयक फिर्ता लिन माग गरेको छ। महासंघका केन्द्रीय अध्यक्ष विपुल पोखरेलको नेतृत्वमा आएको टोलीले सञ्चार विधेयक संविधानको मर्मविपरीत भएकाले फिर्ता लिन माग गरेको हो। मुख्यमन्त्रीसँगको भेटमा अध्यक्ष पोखरेलले केही प्रावधानले प्रेस स्वतन्त्रतालाई संकुचन गर्ने, प्रेसको प्रवर्द्धन र प्रेस स्वतन्त्रतामा अंकुश लगाउने गरी व्याख्या गरेकाले विधेयक फिर्ता लिएर सरोकारवालासँगको छलफलपछि मात्रै विधेयक तयार गर्न सुझाव दिए। उनले पत्रकार महासंघले विधेयकमा रहेका विषयहरूलाई बुँदागत रूपमै सुधार र संशोधनका लागि बुझाएको स्मरण गराउँदै संविधान र प्रेसमैत्री कानुन निर्माण गर्न सुझाव दिए। महासंघका निवर्तमान अध्यक्ष गोविन्द आचार्यले संविधानसँग बाझिएका विषय विधेयकमा उल्लेख भएकाले विधेयक अघि नबढाउन सुझाव दिए। पत्रकार महासंघ लुम्बिनी प्रदेशका महासचिव विक्रम खड्काले पत्रकार महासंघले विधेयक फिर्ता लिन माग गर्दै आन्दोलन जारी राखेको र फिर्ता नलिए पुनः आन्दोलन गर्न बाध्य हुने बताए।

### पर्सामा लागूऔषधसहित चार पक्राउ

पर्सा। वीरगंज महानगरपालिका-१४ गण्डक चोकबाट नियन्त्रित लागूऔषध एकसय एमएलको विनपिरेक्स सिरफ १ सय २० बोतल सहित २ जनालाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा बर्दिया गुलरिया घर भई हाल चितवन भरतपुर महानगरपालिका-२२ बस्ने २२ वर्षीय राजेश थारु र चितवन भरतपुर महानगरपालिका-७ बस्ने ३२ वर्षीय सुरेश नेपाली रहेका छन्। जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले उनीहरुलाई शंकास्पद अवस्थामा फेला पारी तलासी गर्दा उनीहरुले बोकेको दुईवटा मिठाइको डब्बाभित्र लुकाइ ल्याएको उक्त परिमाणको लागूऔषध फेला पारी पक्राउ गरेको हो। यसैगरी पर्सा, वीरगंज महानगरपालिका-१६ शंकराचार्य गेटस्थित सडकबाट ३ ग्राम ४० मिलिग्राम अवैध लागूऔषध खैरो हेरोईन सहित २ जनालाई मंगलबार साँझ प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा सर्लाही लालबन्दी नगरतपालिका-२ बस्ने २३ वर्षीय सुरज पासवान र कन्चनपुर भिमदत्त नगरपालिका-१६ बस्ने २१ वर्षीय लक्ष्मण बिष्ट रहेका छन्। जिल्ला प्रहरी कार्यालय पर्सा र लागूऔषध ब्यूरो वीरगंजबाट खटिएको संयुक्त प्रहरीले उनीहरुलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो। उनीहरु उपर जिल्ला अदालत पर्साबाट ७ दिन म्याद थप गरी लागूऔषध सम्बन्धी कसूरमा अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

### प्रतिलिपि अधिकार ऐन विरूद्धको कसूर गर्ने पक्राउ

पर्सा। प्रतिलिपि अधिकार ऐन विरूद्धको कसूर गरेको अभियोगमा वीरगंज महानगरपालिका-८ बस्ने अन्नपूर्ण मसला उद्योगका संचालक ३० वर्षीय रोहित साह कानुलाई आइतबार प्रहरीले पक्राउ गरेको छ। उक्त मसला उद्योगमा बढी नाफा कमाउने उदेस्यले आफ्नो उद्योगको मसलाहरूमा चाटकर बिएमपि स्पाइसिज उद्योगको ट्रेडमार्क र डिजाईनर लेबल प्रतिलिपि टाँस गरी वीरगंज महानगर तथा अन्य स्थानहरूमा बिक्री बितरण गर्ने गरेको सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालयबाट समेतबाट खटिएको प्रहरीले उक्त अन्नपूर्ण मसला उद्योगमा तलासी गर्दा चाटकर बिएमपि स्पाइसिज उद्योगको ट्रेडमार्क र डिजाईनर लेबलिङ गरेका मसला ६ सय ५४ पोका, कच्चा मसलाहरू १० बोरा, मसला पिस्ने मेसिन १ थान र चाटकर उद्योगको ट्रेडमार्क र डिजाईनर लेबलहरू बरामद गरी उनलाई पक्राउ गरेको हो। उनी उपर पर्सा जिल्ला अदालतबाट ५ दिन म्याद थप अनुमति लिइ प्रतिलिपि अधिकार ऐन, २०५९ अन्तर्गतको कसूरमा अनुसन्धान अगाडि बढाएको उक्त कार्यालयले जनाएको छ।

### मन्दिर व्यवस्थापनमा किचलो

नेपालगञ्ज । केही महिनादेखि चर्चामा आएको नरैनापुरको सन्तानेश्वर मन्दिर व्यवस्थापन समिति गठनमा लफडा भएको छ । वर्षौंदेखि पूजाआजा भइरहेको भए पनि पछिल्लो चार महिनादेखि चर्चामा रहेको सन्तानेश्वर मन्दिरमा गाउँपालिका र मूल महन्तका बीचमा समन्वय नहुँदा दुई वटा व्यवस्थापन समिति गठन गरिएको छ । हप्तामा ४० हजारसम्म भेटी उठेपछि व्यवस्थापन समितिमा किचलो भएको हो। गाउँपालिकाले बृजेन्द्र यादवको नेतृत्वमा र मूल महन्तले नितिश मौर्यको संयोजकत्वमा समिति गठन गरेका छन्। दुवै समितिको विवाद जिल्ला प्रशासन कार्यालयसम्म पुगेको छ । जिल्ला प्रशासन कार्यालयले कुनैलाई पनि आधिकारिता दिइसकेको छैन । मूल महन्त योगानन्द गिरीले आफूहरुलाई पुरै बाइपास गरेर पालिकाले समिति गठन गरेको बताए । मन्दिर परिसरमा दिव्यदर्शी आश्रम रहेको छ । मूल महन्त गिरीलगायत त्यही बस्छन्। त्यहाँ पानीको ठूलो समस्या रहेको छ । पानीको समस्या समाधान गर्नतिर भन्दा आफूखुसी समिति बनाएर पैसा बटुल्नेतिर लागेको आश्रमसम्बद्धको भनाइ छ ।

### महिला र वादी समुदायलाई समेट्न सुझाव

कैलाली । सुदूरपश्चिम प्रदेश सरकारले अघि सारेको दलित सशक्तीकरण विधेयकमा दलित महिला र वादी समुदायलाई समेट्न सुझाव दिइएको छ। सुदूरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले तयार पारेको ऐनको विधेयक सामाजिक विकास समितिमा पेश गरिएको छ। समितिले सो विधेयकको दफावार छलफल गरेर छिट्टै प्रदेश सभामा प्रस्तुत गर्ने तयारीसमेत गरिरहेको छ। तर, विधेयकमा दलित महिला र वादी समुदायलाई नसमेटिएको भन्दै सो विषयमा प्रदेश सरकारको ध्यान जानुपर्नेमा जोड दिइएको छ। वादी अधिकारकर्मी रमा वादीले वादी महिला देह व्यापार गरेर जीविकोपार्जन गर्न बाध्य भएको भन्दै उनीहरूको संरक्षण गर्न प्रदेश सरकारले ध्यान नदिएको बताइन्। दलित महिला संघकी केन्द्रीय महासचिव रेणु सिजापतिले दलित सशक्तीकरण विधेयकमा अझै छलफल गरिनुपर्नेमा जोड दिँदै सुदूरपश्चिम प्रदेश सरकारले ल्याएको सशक्तीकरण विधेयकमा दलित महिलाको अधिकारको ग्यारेन्टी गरिनुपर्नेमा जोड दिइन्।

17-24, Madheshvani, Ashoj-8, 2078.pmd 7 9/24/2021, 12:06 PM

## कला/साहित्य

कमल मण्डल



# मिसेस नेपाल वर्ल्ड आयोजना हुँदै




काठमाडौं। रिबन इन्टरटेनमेन्टले आयोजना गर्दै आईरहेको विवाहित महिलाको लागी नेपालको सवैभन्दा ठुलो प्रतियोगिता मिसेस नेपाल इन्टरनेसनल नामक सौन्दर्य प्रतियोगिता यस वर्षदेखी मिसेस नेपाल वर्ल्डको रुपमा आयोजना हुन लागेको छ। सन् २०१९ मा मिसेस नेपाल इन्टरनेसनलको पाँचौ संस्करण सम्पन्न गरेको र सन् २०२० मा कोरोनाको महामारीका कारण स्थगीत हुन गएको कार्यक्रम यस वर्षदेखि परिमार्जित भई मिसेस नेपाल वर्ल्ड को रूपमा आयोजन हुन लागेको भनी रिबन इन्टरटेनमेन्टद्वारा जारी प्रेस विज्ञप्तिमा जानकारी गराईएको छ। यस वर्ष मिसेस नेपाल वर्ल्डको पहिलो संस्करणको घोषणा संगै यस कार्यक्रमको बिजेताले सन् २०२२ को जनवरीमा लस भेगास, अमेरिकामा आयोजना हुने मिसेस वर्ल्डमा नेपालको तर्फबाट प्रतिनिधित्व गर्नेछिन्।

यस वर्ष देखी रिबनले आयोजना गर्ने कार्यक्रममा एकै मन्च बाट मिसेस नेपाल वर्ल्ड र मिसेस नेपाल इन्टरनेसनल का साथै एम. एस. नेपाल इन्टरनेसनल गरी तीन बिजेताहरुको छनोट गर्ने छ। यसैगरी मिसेस इन्टरनेसनल नेपाल तथा एम. एस. नेपाल इन्टरनेसनलका विजेताले नेपाललाई प्रतिनिधित्व गरी सन् २०२२ मा सिङ्गापुरमा आयोजना हुने मिसेस इन्टरनेसनल तथा एम. एस. इन्टरनेसनलमा सहभागिता जनाउने छिन्।

यो वर्ष मिसेस वर्ल्डमा नेपालको पहिलो सहभागिता हुनेछ।

बिगतको वर्षहरुमा झैं सामाजिक मुद्दा लाई आफ्नो कार्यक्रमको नारा तथा वर्षभरी विजेताले उक्त मुद्दामा केन्द्रित रही काम गर्नुपर्ने हुँदा यस वर्षलाई मिसेस नेपालले " क्यान्सर बिरुद्धको जनचेतना अभियानलाई " वर्षको मुद्दा बनाएको छ।

यस अघि सम्पन्न मिसेस इन्टरनेसनलमा सबिता लामिछाने, अनुपमा राई, सुरुची पाण्डे, चन्दा थापा गिरी र भाविषा कोइराला चटौतले क्रमसः उपाधी जितेका थिए। मिसेस इन्टरनेसनलमा यस अघि नेपालबाट सुरुचि पाण्डे, एलाईजा महर्जन, चन्दा थापा गिरीका साथै स्नेहा थापाले प्रतिनिधित्व गर्दै विभिन्न उपाधीहरु जित्दै नेपाल र नेपालीको प्रतिष्ठा बढाएका छन्। मिसेस नेपाल इन्टरनेसनल २०१८ कि विजेता चन्दा थापा गिरीले मिसेस इन्टरनेसनलमा " मिसेस एशिया प्यासिफिक २०१८ " को ताज जित्न सफल भएकी थिईन। यसैगरि एम. यस. इन्टरनेसनलमा नेपालको तर्फ बाट संगीता बस्याल ले सहभागिता जनाएकी थिइन्।

# समावेशी पत्रकारिता पुरस्कारबाट अनन्त सम्मानित



काठमाडौं। प्रेस काउन्सिलको समावेशी पत्रकारिता पुरस्कार-२०७८ बाट पत्रकार अनन्त अनुराग सम्मानित भएका छन्।२०६० सालदेखि निरन्तर एफ. एम. रेडियो, टेलिभिजन पत्रकारिता मार्फत संघियता, समाबेशीताको मुद्दामा पत्रकार अनुराग बहस, छलफल र कलम चलाउँदै आएका छन्। बुधबार राष्ट्रपति कार्यालय शितलनिवासमा आयोजित एक कार्यक्रममा राष्ट्रपति विद्यादेवी भण्डारीले उनलाई सो पुरस्कार प्रदान गरेकी छन्। प्रेस काउन्सिलले आफ्नो स्थापना दिवसका अवसरमा हरेक वर्ष सक्रिय पत्रकार र सञ्चार माध्यमलाई पुरस्कृत गर्दै आएको छ। यो वर्ष काउन्सिलले १० वटा शीर्षकमा पुरस्कारहरू वितरण गरेको हो। विगत लामो समयदेखि पत्रकारितामा क्रियाशील रहेका अनन्त अनुराग हाल एबीसी टेलिभिजनलमा बहस कार्यक्रम सन्चालन गर्दै आइरहेका छन्।

## मोदीलाई देउवा र ओलीको शुभकामना

काठमाडौं। ७१ औं वर्षमा लागेका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई प्रधानमन्त्री शेरबहादुर देउवा र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले जन्मदिनको शुभकामना दिएका छन्। सामाजिक सञ्जाल ट्विटरमार्फत यी दुवै नेताले शुभकामना दिएका छन्।

'७१ औं जन्मदिनको अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीलाई शुभकामना ! तपाईंको सु-स्वास्थ्य र सुखमय जीवनको कामना गर्दछु', देउवाले ट्विटरमार्फत शुभकामना दिँदै भनेका छन्।

त्यस्तै ओलीले पनि शभकामना दिँदै भनेका छन्, 'प्रधानमन्त्री श्री नरेन्द्र मोदीलाई ७१ औं जन्मदिनको शुभ अवसरमा तपाईंको सु-स्वास्थ्य र सुखद भविष्यको कामना गर्दछु।'

## आर्थिक समाचार

### ग्लोबल आइएमई डिबेन्चर नेप्सेमा सूचीकृत

काठमाडौं। ग्लोबल आइएमई बैंक लिमिटेडको "८.५% ग्लोबल आइएमई बैंक डिबेन्चर २०८६/८७" ऋणपत्रको ३० लाख इकाई नेपाल स्टक एक्सचेञ्ज (नेप्से) मा सूचीकृत भएको छ।

१० वर्ष अवधि रहेको यस ऋणपत्रमा वार्षिक ८.५० प्रतिशतका दरले प्रत्येक आर्थिक वर्षको ६/६ महिनामा व्याज प्रदान गरिनेछ।

यस ऋणपत्रलाई रेटिङ्ग एजेन्सी इक्रा नेपाल लिमिटेडले [ICRANP-IR] LA रेटिङ्ग प्रदान गरेको छ। यस रेटिङ्गले ऋणपत्रमा गरिएको लगानीमा जोखिम अत्यन्तै न्युन रहेको जनाउँदछ। ग्लोबल आईएमई बैंक लिमिटेडको रेटिंगलाई पनि रेटिङ्ग एजेन्सी इक्रा नेपाल लिमिटेडले हालै [ICRANP-IR] A- बाट [ICRANP-IR] A मा स्तर वृद्धि गरेको थियो।

बैंकको पर्याप्त तरलता तथा पूँजी कोष, कर्जाको गुणस्तर तथा मिश्रण, बृहत कार्यालय संजाल, स्वस्थ ब्याज आम्दानी तथा आय विवरण, संचालन खर्चमा नियन्त्रण, कुशल जोखिम व्यवस्थापन अभ्यास, बलियो प्रवर्द्धक समूह, अनुभवी बोर्ड तथा व्यवस्थापन नेतृत्व आदि जस्ता तथ्यको आधारमा ग्लोबल आइएमई बैंक तथा यसले जारी गरेका ऋणपत्रको रेटिङमा स्तर वृद्धि भएको हो।

### 'दशै तिहारको पक्का उपहार'

काठमाडौं। आइएमई ग्रुपअन्तर्गत संचालित आईएमई मोटर्सले नेपालीहरुको महान चाड दशैं तिहारलाई लक्षित गरी "दशैं तिहारको बहार पक्का उपहार" साथै बम्पर उपहार योजना ल्याएको छ। जसअन्तर्गत कुनै पनि अशोक लेलैण्डको गाडी खरिदमा ग्राहकले छानी छानी उपहार पाउने छन्। चाडपर्वमा ग्राहकहरुले अफरलाई नै बढी प्राथमिकता दिने भएको हुँदा ग्राहकको मागअनुसार नै हामीले यो योजनालाई बजारमा ल्याएको आइएमई मोटर्सका प्रमुख कार्यकारी अधिकृत हेमन्त पुरानिकले बताए। यस योजनाअनुसार ग्राहकले अशोक लेलैण्डको दोस्त, बस साथै ट्रक टिप्परको कुनै पनि मोडलको गाडी खरिद गर्दा आफ्नो इच्छाअनुसार उपहार छानी छानी लान सक्नेछन्।

# भारत-नेपाल संयुक्त सैन्य प्रशिक्षण

काठमाडौं।१५ औं भारत-नेपाल संयुक्त बटालियन स्तरीय सैन्य प्रशिक्षण अभ्यास 'सूर्य किरण' आजदेखि पिथौरागढमा शुरु भएको छ। सो अभ्यास ३ अक्टोबर २०२१ सम्म जारी रहनेछ। अभ्यासको क्रममा भारतीय सेना र नेपाली सेनाको इन्फैन्ट्री बटालियनले अन्तर-सञ्चालनको विकासका लागी प्रशिक्षण दिनेछन्। आतंकवाद पछिको राहतबारेमा पनि उनीहरूले चर्चा गर्नेछन्।

उद्घाटनमा भारतीय र नेपाली सैन्य धुनहरुसँगै सद्भावमा मार्च गरिएको थियो। उत्तर भारत क्षेत्रको लेफ्टिनेंट जनरल एसएस महल, जीओसीले सभालाई सम्बोधन गरेका थिए। साथै उनले आपसी विश्वास, अन्तर-सञ्चालन र उत्तम अभ्यासको लागि प्रोत्साहित पनि गरे। शनिबार नै नेपाली सेनाको टुकडी पिथौरागढ पुगेको थियो। उनीहरुको परम्परागत सैन्य स्वागत भएको थियो। नेपाली र भारतीय सेना गरी ६ सय ५० जना अभ्यासमा सहभागीता जनाएका छन्।

# औद्योगिक क्षेत्रको निर्माणले गति लिएन

रुपन्देही। रुपन्देहीको मोतीपुरमा निर्माण हुने मोतीपुर औद्योगिक क्षेत्रको काम कछुवा चालमा रहेको छ। शिलान्यास भएको करिब ६ महिना बितिसक्दा समेत निर्माण कार्यले गति लिन सकेको छैन।

गत फागुन २१ गते तत्कालीन अर्थमन्त्री विष्णु पौडेल र उद्योग मन्त्री लेखराज भट्टले स्थानीयको विरोधका बाबजुद संयुक्त रूपमा औद्योगिक क्षेत्रको शिलान्यास गरेका थिए। स्थानीयहरूको जग्गा विषयले विवादित बनेको औद्योगिक क्षेत्र विकासको काम अव के हुने हो भन्ने अवस्था पुगेको थियो।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले शिलान्यास भएको १ महिना भित्र उद्योग स्थापनाको लागि आशय पत्र आह्वान गर्ने र उक्त आह्वान पत्रको आधारमा ६ महिना भित्र उद्योगीहरूलाई चाहिने न्यूनतम पूर्वाधारहरू अस्थायी सडक, विद्युत् र पानीको व्यवस्थापन गर्ने गरी योजना तयार पारे पनि लिमिटेडले तयार पारेको कार्य योजना अनुसार हालसम्म औद्योगिक क्षेत्रमा आवश्यक पर्ने आधारभूत संरचनाहरू निर्माण गरिसक्नु पर्ने भए पनि जग्गा विवाद अझै कायमै रहेकाले औद्योगिक क्षेत्रको निर्माण माथि प्रश्न उब्जिएको छ।

सो क्षेत्रका स्थानीयहरूको व्यवस्थापन कार्य समेत नहुँदा मोतीपुर औद्योगिक क्षेत्रको निर्माण कार्य अन्यौलमा परेको छ।

अव्यवस्थित बसोबास तथा स्थानीयहरूलाई व्यवस्थापन गर्नका लागि भूमि आयोगसँग समन्वय गरिएको भए पनि वर्तमान सरकारले आयोग नै खारेज गरिदिएपछि थप अन्यौलता भएको मोतीपुर औद्योगिक क्षेत्र लिमिटेडका प्रमुख निमेश अधिकारीले बताए।

# उखु किसानले अझै पाएनन् अनुदान

सर्लाही। सर्लाहीका उखु उत्पादक किसानले गत वर्ष बिक्री गरेको उखुको अनुदान रकम अझै पाउन सकेका छैनन्। सरकारले गत वर्ष उखुको मूल्य निर्धारण गर्दा उखु उत्पादक किसानलाई प्रतिक्विन्टल ६५ रुपैयाँ २८ पैसा अनुदान दिने घोषणा गरेको थियो। उद्योगीबाट समयमै भुक्तानी नपाएर हैरान भएका जिल्लाका उखु उत्पादक किसानलाई सरकारले समेत अनुदान रकम भुक्तानीमा आलटाल गरिरहेको नेपाल उखु उत्पादक महासङ्घका अध्यक्ष कपिलमुनि मैनालीले बताए। उनका अनुसार भुक्तानीको झन्झटले उखु उत्पादक किसान उखुखेतीबाट निरुत्साहित हुँदै अन्य खेतीतर्फ लागेका छन्। यता कोष तथा लेखा नियन्त्रण कार्यालय सर्लाहीका निमित्त प्रमुख दामोदर पौडेलले अनुदान रकम वितरणका लागि दुई साताअघि कार्यालयलाई रु २० करोड सात लाख बजेट प्राप्त भइसकेको जानकारी दिए।




# मधेशीविहीन...

गर्दा पार्टीका तर्फबाट एकजना पनि मधेशी नेता मन्त्रीका लागि पाएनन कि मधेशीलाई मन्त्री बनाउनै चाहेनन। कांग्रेसका मधेशी नेताहरुले यो गम्भीर प्रश्नको जबाब खोज्ने समय आइसकेको छ।

यद्यपी देउवाले मन्त्रिपरिषद्लाई थप बिस्तार गर्न बाँकी नै छ। सरकारका माधव कुमार नेपाल नेतृत्वको नेकपा एस र उपेन्द्र यादव नेतृत्वको जसपा सहभागी हुन बाँकी छ। यस्तै काँग्रेस र माओवादी केन्द्रबाट मन्त्रीहरुको थप नामावाली पठाउन बाँकी नै छ।

सरकारमा कांग्रेसले प्रधानमन्त्रीसहित ७ र माओवादीले ६ मन्त्रालय लिने मोटामोटी समझदारी भइसकेको छ। तर, नेकपा एस र जसपाले कति मन्त्रालय पाउने अहिले तय भएको छैन। तर ती दुबै पार्टीलाई छाडेर मन्त्रिपरिषद् विस्तार गर्न प्रधानमन्त्रीलाई केले रोकेको भन्ने राजनीतिक वृत्तमा यो प्रश्न पनि उब्जिएको छ।

सत्ता गठबन्धनका चार दलबीच शक्तिशाली र आकर्षक मन्त्रालय लिने होडबाजी अहिले चलिरहेको छ। शक्तिशाली र आकर्षक मन्त्रालयमा मधेशीलाई दिने सम्भावना कमै छ। आकर्षक मानिएको गृह, अर्थ र परराष्ट्र मन्त्रालय कांग्रेसले नै लिइ सकेको छ र त्यसमा उसले मधेशीलाई पठाउने विषयमा सोच्दै सोचेनन।

**निधिको रहस्मय मौनता**

नेपाली काँग्रेसका उपसभापति विमलेन्द्र निधि अहिले पार्टी सभापतिका लागि आफनो उम्मेदवारी घोषणा गरेका छन्। कांग्रेस जस्तो ठूलो पार्टीमा उच्च पदसम्म पुग्ने निधी पहिलो व्यक्ति हुन। यसअघि उनका पिता महेन्द्र नारायण निधी कांग्रेसको महामन्त्री भएका थिए।

निधिले सभापतिको दाबेदारी प्रस्तुत गरिरहँदा उनले आफनो विजयको आधारशीला मधेशलाई मानेका छन्। यद्यपी मधेशको सन्दर्भमा कांग्रेसका करिब सबै नेताहरुले मधेश नै कांग्रेसको आधारभूमि रहेको भन्दै आएका छन्। निधि पनि यहि मानसिकताबाट प्रभावित भएर मधेशको मत पार्टीको सभापतिका लागि निर्णायक हुने विश्वास गरेका छन्। तर अहिले मन्त्रिपरिषद्मा एक जना पनि मधेशी नहुनु, अब हुने मन्त्रिपरिषद्मा मधेशीलाई जसरी पनि स्थान दिनुपर्नेमा विषयमा उनले मौनता साँधेका छन्। पार्टीका अन्य मधेशी नेतालाई अवसर दिनुपर्ने समयमा निधि किन बोल्दैनन्। आफू मधेशी समुदायको भएर आउने अवसर आफैले लिने दाउनमा त छैनन निधि? देउवा समूहमै रहेका निधि पार्टी सभापतिको उम्मेदवारी दिएर स्वयं सभापति देउवालाई चुनाती दिएका छन्। तर मधेशीलाई मन्त्री बनाऊ भन्ने विषयमा उनी मौन बसेका छन्। यसका लागि न त उनले प्रधानमन्त्रीसमेत रहेका सभापति देउवालाई दबाब दिएका छन् न त पार्टी भित्र लविङ्ग गरिरहेका छन्।

# मृत्यलोकबाट...

सहमतिबाट गर्नु भएको थियो। यो नेपाली काँग्रेसमा सभापतित्व हस्तान्तरणको अर्को अतुलनीय उदाहरण थियो।

बिश्वास, सद्भाव र सहकार्यको यो परम्परा कलवलगुडीमा आई पुग्यो, जहाँ बिराटरूपधारी गणेशमान जीको सदिच्छाबाट र गिरिजा बाबुको प्रसन्नताबाट किसुन जी पार्टीको निर्बिरोध सभापति हुनु भयो। यो पच्छिल्लो अतुलनीय उदाहरण थियो, तेस दिनका समारोहमा, जहाँ आजका धेरै "भगवानहरू" भावातीत भएर मात्र ताली पट्काई रहेको थिए। भावातीत भएर! ति मध्येका केही आज भन्दै गरेको सुनिन्छ कि उ बेगर काँग्रेस जीवित रहन सक्दैन। हो, यो सत्य हो। किसुन जी पछि गिरिजा बाबु सभापति हुने बेलामा नेपाली काँग्रेसको "अतुलनीय सहमतिको उदाहरण" को इतिहासमा प्रतिस्पर्धाले प्रवेश पायो। तरपनि त्यो शिष्ट थियो। शिष्ट यस कारणले कि किसुन जीले मन नपराए पनि आफुलाई गिरिजा बाबुको बिरूद्ध उम्मेदवार बनाउनु भएन। उहाँले चिरंजीवि बाग्लेलाई नेकाको सभापतिमा समर्थन गर्नु भयो। यो पनि संसारमा बिरलै पाईने उदाहरण थियो। "मानिस मन त परेको छैन, तर मानिस गैर नेपाली काँग्रेस होईन।" निलकण्ठ हुनुहुन्थ्यो किसुन जी, सत्यमा "निलकण्ठ"! अद्वीतीय,एकल र अद्वैत ! गिरिजाबाबु पछि नेकामा नेतृत्व हस्तान्तरण प्रकृयाको कुरा न गरौं। शायद मलाई थाहा नभएर पनि होला। किन कि तेस समयमा मेरो मृत्यू भै सकेको थियो। म तेस सुन्दर लोकमा रहिन।

तर, आज नर्कबाट काँग्रेसको तेस स्वर्ग तिर हेर्दछु। अचम्भ लाग्दछ! सोद्धछु..प्रभू के भैरहेको छ मेरो पुरानो काँग्रेसमा ? बडो आराधना पछि म जवाफ पाउँछु। मलाई कसैले यौटा शास्वत कुरो भन्छ। त्यो हो'ठूला र सिद्ध योगीहरूको मृत्यू भएपछि योगीलाई पंचतत्वमा बिलीन गराईए पछि अन्यन्त् शिष्यहरूले गुरू योगीको कुटीलाई आगो लगाई भष्म गर्दछन्।' यस्तो चलन छ। यो कथन म सप्तरीको मेरो वनकुटीमा सुन्दछु। अनि तन्द्रामा सोद्धछु किन नि? कुटी किन जलाउने नि? जवाफ आउँछ.."हेर तेस कुटीमा मृत्यूपर्यन्त पनि सिद्ध योगीको आत्माको बास रहेको हुन्छ। तसर्थ, नयाँ योगीले कुटी डढाउने गर्छन् पूर्ववर्ती प्रतापी योगीको प्रभावबाट मुक्त हुन्। स्वच्छन्द हुनका लागि।"




## मिथिला दर्शन

टीभी कार्यक्रम हेर्न नभुल्नु होला।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ।

**विशेष जानकारीका लागि सम्पर्क**

**मोबाइल : ९८४३१४६४८८**

**कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि**

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसु** ..., कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madh ...gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं